नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका　日本初ネパール語の新聞　First Nepalese Newspaper in Japan

Across · No.1 TRAVEL BY HIS

WORLDWIDE DISCOUNTED AIR TICKET BOOKING

KATHMANDU

CATHAY DRAGON (Tokyo, Any Airport)
February
Round Trip : JPY 53,000
One Way : JPY 42,500
March
Round Trip : JPY 61,000
One Way : JPY 50,500

CHINA EASTERN AIRLINES
JPY 22,500~ (6 MONTH FIX OPEN)
JPY 20,300~ (ONE WAY)

CHINA SOUTHERN AIRLINES
Round Trip : JPY 40,000

THAI AIRWAYS (HANEDA)
Round Trip : JPY 62,900

MALAYSIAN AIRLINES (NARITA)
Round Trip: JPY 60,000
One Way: JPY 40,000

ETIHAD AIRWAYS
JPY 55,000~ (35 DAYS FIX)

QATAR AIRWAYS (HANEDA)
JPY 47,200~ (35 DAYS FIX OPEN)

AIR INDIA
Round Trip : JPY 60,000

KOREAN AIRLINES(NARITA)
Round Trip : JPY 60,000
One Way : JPY 47,000

ANA+JET AIRWAYS Round Trip : JPY 46,700

"माथि उल्लेखित मूल्यमा इन्धन शुल्क र एयरपोर्ट कर समावेश गरिएको छैन"

जापानबाट नेपाल जाने आउने टिकट सस्तो मूल्यमा, भरपर्दो माध्यमबाट पाउनका लागि हामीलाई सम्झनुहोस् ।

विस्तृत जानकारीको लागि
Anil Pradhan
080-4794-4065(SB)
03-6871-9261

Business Hour
【Mon.-Fri.】 10:00-19:00 【Sat./Sun. national holiday】 11:00-18:00

his552d@his-world.com
http://www.no1-travel.com

वर्ष १०, अंक २३, २०७५ असोज १-१५, मूल्य : १०० येन　Vol. 10, No. 23, September 16-30, 2018, Price : ¥ 100

संविधानको विरुवा फल्ने बेला आयो: प्रधानमन्त्री ओली

❑ नेस डेस्क

काठमाडौं - संविधानसभाबाट नेपालको संविधान जारी भएको ३ वर्ष पूरा भएको छ । यसबीचमा संविधानको कार्यान्वयनस्वरूप विभिन्न तहको निर्वाचनसमेत भईसकेको छ । निर्वाचनको 'म्यान्डेट' अनुसार विकास र समृद्धिको लक्ष्यसहित नयाँ सरकार गठन भएको पनि सात महिना पूरा भइसकेको छ । लामो समयको संघर्षबाट जनताले प्राप्त गरेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै सुशासन र विकासका जनआकांक्षालाई सम्बोधन गर्नु सरकारका लागि चुनौतीको विषय रहिआएको छ । यिनै चुनौतीका बीच प्रधानमन्त्री केपी शर्मा ओलीको सरकार 'समृद्ध नेपाल, सुखी नेपाली' को लक्ष्यका साथ अघि बढिरहेको छ । संविधान घोषणापछिका ३ वर्ष तथा जनआकांक्षा बोकेको सरकारका सुरूवाती उपलब्धि, योजना तथा चुनौतीका सम्बन्धमा प्रधानमन्त्री ओलीसँग गरिएको विशेष

अन्तर्वार्ताको सम्पादित अंश:-

प्रधानमन्त्रीज्यू, चौथो संविधान दिवसको सन्दर्भमा देशवासीसमक्ष के भन्न चाहनुहुन्छ ?

यस संविधान दिवसका उपलक्ष्यमा देशभित्र र बाहिर रहेका सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्न चाहान्छु ।

»» बाँकी पृष्ठ ७ मा

कार्यपालिका र न्यायपालिकाबीच टकरावका कारण अस्थिरता

❑ **नेस संवाददाता**

काठमाडौं - वहुचर्चित साढे ३३ किलो सुन तस्करी र सनम शाक्य हत्या प्रकरणका आरोपित धमाधम तारेखमा छुट्न थालेका छन् । पुर्पक्षका लागि थुनामा रहेका निलम्बित प्रहरी नायव उपरीक्षक (डीएसपी) प्रतिज केसी, अर्का निलम्बित प्रहरी वरिष्ठ उपरीक्षक एसएसपी दिवेश लोहनी, प्रहरी उपरीक्षक विकासराज खनाल र राम तिवारीलाई अदालतले तारेख र सामान्य धरौटीमा रिहा गर्न आदेश दिएको हो ।

प्रहरीको डेढ महिना लामो अनुसन्धान पछि गत बैसाख २६ गते जिल्ला सरकारी वकिलको कार्यालयले बहालवाला प्रहरी अधिकृतसहित २९ जनालाई पक्राउ गरी आरोप पत्रसँगै अदालतमा पेस गरेको थियो ।

नेपाल कम्युनिस्ट पार्टीकी नेतृ पम्फा भुसालले सरकारले अपराध र तस्करी नियन्त्रणका लागि पहल गरिरहँदा अदालतले सरकारका निर्णय नै उल्टाउँदै जाने गरेको आरोप लगाएकी छिन् । सरकार र अदालतबीच पछिल्लो समय केही मुद्दालाई लिएर एकले अर्काका निर्णयमा फरक मत जाहेर गर्ने गरेका छन् ।

वीपी राजमार्गमा ठूला सवारी चलाउने सरकारको निर्णयमा सर्वोच्चले रोक लगायो भने यस्तै राजनीतिक नियुक्ति पाएका केहीलाई हटाउने सरकारको निर्णयमा पनि सर्वोचले अंकुश लगायो । राज्यका अंगहरू कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका फरक-फरक कार्यक्षेत्र छन् ।

ती सबैका आ-आफ्ना कार्यदेश हुन्छन् । अरूको कार्यक्षेत्रमा हस्तक्षेप गर्न मिल्दैन । राज्यका महत्वपूर्ण यी

»» बाँकी पृष्ठ ६ मा

For a New Opening Japanese Company

Smart &Talented OFFICE STAFF WANTED

Salary : Monthly 30 Man or Above
Visa : Will Provide
Working Days : Monday to Friday
Office Hour : 09:00 to 18:00
Employee's Health & Pension Insurance : Will provide (Shakai Hoken)

Requirements:
- Nationality : Nepali
- He/she Must have Japanese language level for Nepali/Japanese translation in both Spoken & Written.
- Must have University degree or passed on vocational course in Japan
- Highly priority for experienced.
- 3 months will be As a trail period

Responsibilities:
- Translating Japanese to Nepali & Nepali to Japanese to Official Documents, Agreement papers, Advertisement Contents for medias.
- Translating conversations in business meetings, seminars, press meeting etc.,
- Assisting to Head of company as a Interpreter.

Candidates can apply by sending their CV through Email or Fax.

IPO Inc.
Tel: 03-5362-7685 Fax: 03-5362-7086
E-mail: inamura.netrotokyo@gmail.com
Web: www.ipo-tokyo.com
160-0022 Tokyo, Shinjuku-Ku, Shinjuku 1-15-12 Yagyu Bld., (602)

स समुद्रपारि　क्षणभरमै संसारभरि सूचना र सञ्चारका लागि समुद्रपारि डट कम　www.samudrapari.com

Published By:
GMT International Co., Ltd.

Tilak Malla
Chairman

Bhushan Ghimire
Editor

Dr. Bhupal Man Shrestha
Managing Director

2-14-4 (1F) Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel & Fax: 03-5937-5314
Email: nepalisamchar@gmail.com, samudraparinews@gmail.com
http://www.samudrapari.com, http://www.gmt-intl.com

सम्पादकीय

संविधान दिवसको शुभकामना

चौथो वर्षमा प्रवेश गर्दै गरेको नेपालको संविधान र यसको कार्यान्वयनका बारेमा समीक्षा सुरु भएका छन् । विगत तीन वर्षको संवैधानिक अभ्यासबाट नेपालले नयाँ अनुभव बटुल्दै आगामी यात्राको मार्ग प्रशस्त गरेको छ ।

संविधानमा ब्यवस्था भएबमोजिम सबै संवैधानिक संरचनाहरूको गठन हुनु, सबै तहका निर्वाचन भएर निर्वाचित जनप्रतिनिधिले जिम्मेवारी सम्हाल्नु, नागरिक स्वतन्त्रता र यस अवधिमा बनाइसक्नुपर्ने सबै मौलिक हकसँग सम्बन्धित विधेयकहरू सर्वसम्मतले पारित हुनु, अन्य कतिपय नयाँ कानुनहरूको निर्माण हुनु, कतिपय निर्माणको चरणमा हुनु यस अवधिका सकारात्मक पक्षहरू मान्न सकिन्छ ।

अर्कोतिर संघ, प्रदेश र स्थानीय तीनै तहमा आवश्यक सबै कानुन र संरचनाहरूको निर्माण पूरा नहुनु, कर्मचारी समायोजनको प्रक्रिया समयमै ब्यवस्थित नहुनु, कतिपय संवैधानिक आयोगहरूले पूर्णता नपाउनु, स्थानीय र प्रदेश तथा प्रदेश र संघ बीचमा प्रभावकारी समन्वय हुन नसक्नु जस्ता कमी कमजोरीका कारण जनमानसमा निराशा पैदा गरेको छ । यसैगरी विचार र अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाईएको भनि उठेका आवाजको सम्बोधन नहुनु, शान्ति सुरक्षा र अमन चयन कायम गर्ने सन्दर्भमा जनअपेक्षाअनुसार सुधार नहुनु, मानव अधिकार उल्लंघनका घटनाहरूमा कमी नआउनु जस्ता बिषय विगत तीन वर्ष अवधिका संवैधानिक अभ्यासका कमजोरी मानिन्छन् ।

नेपालको इतिहासमै संसद्को करिब दुई तिहाइ सांसदहरूको समर्थन प्राप्त सरकारबाट नेपाली जनताले अपेक्षा गरेअनुसार कार्यसम्पादन हुन नसके पनि निराश भईहाल्नुपर्ने बेला भने भएको छैन । अर्कोतर्फ पाँच वर्षको लागि बनेको स्थिर सरकार भएको कारणले पनि यो सरकारसँग अत्यधिक जनअपेक्षा रहनु अस्वभाविक मान्न सकिन्न । सरकारका कामकार्वाहीप्रति आएका असन्तुष्टि, टिकाटिप्पणी र आलोचनालाई सरकारले सकारात्मक रूपमा लिई घोषित लक्ष्य पूरा गर्ने तर्फ नै सरकारको पुरै ध्यान केन्द्रित हुनुपर्दछ ।

असहज स्थितिका बिच संविधान जारी भएता पनि संविधान जारी भएको तीन वर्षको अवधिमै संविधानलाई तिरस्कार गर्ने राजनीतिक शक्तिहरू पनि सरकारमा सहभागी हुनुलाई संविधान कार्यान्वयनमा भएको एउटा ठूलो सफलता मानिन्छ । अन्य असन्तुष्ट राजनीतिक दल र शक्तिहरूसँग पनि वार्ता गर्न उच्चस्तरीय वार्ता समिति बनाएर सबै पक्षलाई समेट्न खोज्नु यो सरकारको अर्को सकारात्मक पाटो हो । यी सबै परिदृश्यहरू हेर्दा संविधानको तीन वर्षे अभ्यास अपवाद बाहेक सकारात्मक दिशातर्फ नै अघि बढिरहेको मान्न सकिन्छ ।

संविधान कार्यान्वयनको प्रारम्भिक चरणमा मुलुकमा संघीयताको नौलो अभ्यास हुँदै छ । नेपालको लागि नयाँ प्रयोगका रूपमा आएको संघीयताप्रति विभिन्न कोणबाट सकारात्मक तथा नकारात्मक टिप्पणीहरू सुरू भएका छन् । संघीयता नेपालका लागि नितान्त नौलो बाटो भएकोले यो सँधै जोखिमपूर्ण हुने सम्भावना रहन्छ । तथापि अन्तर्राष्ट्रिय अभ्यासहरू हेर्दा हाम्रो जस्तो बहुजातीय र बहुसाँस्कृतिक मुलुकका लागि संघीयता सबैभन्दा उपयुक्त राज्यप्रणाली मानिन्छ । आजसम्म नेपालसमेत गरेर विश्वका २८ वटा मुलुक संघीयतामा गएको तथ्याङ्क छ । भारत, अमेरिका, ब्राजिल, रूस, पाकिस्तान, क्यानाडा, जर्मनी, दक्षिण अफ्रिका, अस्ट्रेलिया, अर्जेन्टिनाजस्ता ठूला मुलुकहरू संघीय राज्यप्रणालीमार्फत अगाडि बढ्न सफल राष्ट्र मानिन्छन् ।

यद्यपि संघीयताबारे केही भ्रम एवं जोखिम भने नभएका होइनन् । संघीयता असफल भयो भने देश टुक्रिन्छ, संघीयता भनेको जातीय राज्य हो र जातीय राज्यले साम्प्रदायिक द्वन्द्व बढाउँछ भन्नेहरू एकथरि पाईन्छ भने अर्कोथरि संघीयताले सबै समस्याको हल फु मन्तरको भरमा हुने तर्क गर्नेहरू पनि छन् । तर संघीयता राम्ररी अभ्यास भएको विश्वको यथार्थ हेर्ने हो भने कुनै पनि मुलुक टुक्रिएको उदाहरण छैन । बुझ्ने र बुझाउने चेष्टाको अभावमा बन्ने सटही धारणाबाट संघीयताबारे सही ब्याख्या हुन नसकिरहेको अवस्थाको बिचबाट संबैधानिक अभ्यासको तेस्रो वर्ष पुरा गरी चौथो वर्षमा प्रवेश गरेको संविधान दिवसको अवसरमा सबैमा शुभकामना ।

संविधान दिवसको अपेक्षा

विचार

✍ गोकर्ण अर्याल

संविधान जारी भएको तीन वर्षमा जनताका न्यूनतम आवश्यकता पूरा गर्ने दिशामा दलहरूको ध्यान केन्द्रित भएको देखिएन । यसमा सुधारका संकेतहरू देखापर्न नसकेकै कारण मुलुकवासीमा चिन्ता थपिन थालेको हो । अब यो सरकारबाट पनि देशले गति लिन सकेन र विधिसम्मत तवरले काम गर्न सकेन भने देश विकासको कल्पना कसरी गर्ने भन्ने प्रश्न उठ्न थालेको छ । गत वर्ष निर्वाचनका कारण विकास निर्माणका कार्यले प्राथमिकता पाउन सकेको थिएन । निश्चय पनि मुलुक नयाँ संघीय संरचनामा प्रवेश गरेको छ । यस अनुरूपको विधि र प्रक्रिया बसाउन कठिन पनि भएको हुन सक्छ । सबै ठाउँमा नयाँ संरचना र विधि अपनाउँदा कठिनाइ पनि होलान् तर संविधानको भावना र स्पिरिटलाई मर्न दिनुभएन । देश र जनताको आवश्यकता पूरा गराउने सन्दर्भमा वर्तमान सरकार धेरै शक्तिशाली हुनुपर्ने हो । उसलाई देश र जनताको पक्षमा काम गर्न र संविधानको भावनाअनुरूप अगाडि बढ्न कसैले रोक्न सक्ने अवस्था छैन ।

ऐतिहासिक संविधानसभाबाट संविधान जारी भएको तीन वर्ष पुगेको छ । संविधानमार्फत गर्नुपर्ने कार्यहरू अझै केही बाँकी छन् । नयाँ संविधान जारी भएपछि मुलुकले जुन किसिमको गति लिन्छ भन्ने आशा र विश्वास समाजमा थियो त्यस अनुरूप काम हुन नसकेको हो कि ? भन्ने संशय पैदा भएको छ ।

विशेष गरेर निर्वाचनपछि देशमा विकास निर्माणको कार्यले गति लिनेछ भन्ने आशा थियो । देशमा जनउत्तरदायी र पारदर्शी शासन व्यवस्था कायम हुनेछ, नैतिक मूल्य, मान्यतामा आधारित राजनीतिक व्यवस्थाले मुलुक आर्थिक समृद्धिको दिशामा अगाडि बढ्नेछ भन्ने थियो । वर्तमान सरकार गठनको सात महिना बित्न लागेको छ । यस अवधिमा सरकारको काम कारबाहीप्रति आम नागरिकले चित्त बुझाउन सकेको छैन भन्ने टिप्पणी पाँच वर्षका लागि चुनिएको दलको सरकारप्रति अलि हतार पनि हुन सक्ला तर सरकारको वर्तमान कार्यशैलीले जनतालाई विश्वस्त गराउन सकिरहेको छैन । यतिबेला सबै क्षेत्रमा गुनासो मात्र भेटिन्छ । हुन पनि देशको शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतका निकायमा त्यस्तै अनियमितता र बेथिति देखिन्छ ।

भर्खरै जनताबाट चुनिएका जनप्रतिनिधिहरू समेत भ्रष्टाचारको दलदलमा फसेका समाचारले समाजलाई अझ निराश तुल्याउने काम रहेको छ । मुलुकमा यस किसिमको अनियमितता र बेथिति बढेर जाँदा बलियो र शक्तिशाली सरकारले नियन्त्रण गर्न र मुलुकलाई विधि र प्रक्रियाअनुरूप हिँडाउन किन सकेन भनेर प्रश्न उठ्नु अन्यथाको विषय होइन । राज्य संरचनाको हिसाबले पनि यतिबेला देशमा ७ सय ५३ स्थानीय सरकार, सातवटा प्रदेश सरकार र केन्द्रीय सरकार गठन भएको छ । त्यहीअनुरूप विधायिका संसद्हरूको निर्माण भएको छ । यस हिसाबले देशका कुनै पनि क्षेत्र र निकायका बासिन्दाले न्याय नपाएको, शान्ति सुरक्षा नपाएको, विकास निर्माण हुन नसकेको र विधिको शासन खलबलिन थालेको जस्ता गुनासो आउन नपर्ने हो । देश ठूलो संक्रमण पार गरेर नयाँ चरणमा प्रवेश गर्न लागेका कारण जनताका अपेक्षा सम्बोधन हुन नसकेका कारण पनि यस्ता गुनासा उब्जिएका हुन सक्छन् ।

नयाँ संविधान जारी भएपछि अझ नयाँ सरकार गठनपछि फु मन्तरको शैलीमा देशले काँचुली फेर्छ भनेर राजनीतिक दल र नेतृत्वबाट भनिएका कारण समाजको अपेक्षा बढेको हुन सक्छ । निर्वाचन आफ्नो पक्षमा पार्न राजनीतिक तहबाट गरिएका कतिपय आश्वासनले पनि जनतालाई निराश तुल्याएको छ । कुनै पनि संविधानले नागरिक अधिकारको सम्मान र रक्षा गर्नुका साथै सामाजिक र आर्थिक विकासको मार्गदर्शनसमेत गरेको हुन्छ । यस अर्थमा हाम्रो संविधानले निर्दिष्ट गरेका लक्ष्यहरू पूरा गराउनेतर्फ राज्यका सबै संयन्त्रहरू परिचालित हुन सक्नुपर्छ ।

संविधान जारी भएको तीन वर्षमा जनताका न्यूनतम आवश्यकता पूरा गर्ने दिशामा दलहरूको ध्यान केन्द्रित भएको देखिएन । यसमा सुधारका संकेतहरू देखापर्न नसकेकै कारण मुलुकवासीमा चिन्ता थपिन थालेको हो । अब यो सरकारबाट पनि देशले गति लिन सकेन र विधिसम्मत तवरले काम गर्न सकेन भने देश विकासको कल्पना कसरी गर्ने भन्ने प्रश्न उठ्न थालेको छ । गत वर्ष निर्वाचनका कारण विकास निर्माणका कार्यले प्राथमिकता पाउन सकेको थिएन । निश्चय पनि मुलुक नयाँ संघीय संरचनामा प्रवेश गरेको छ । यस अनुरूपको विधि र प्रक्रिया बसाउन कठिन पनि भएको हुन सक्छ । सबै ठाउँमा नयाँ संरचना र विधि अपनाउँदा कठिनाइ पनि होलान् तर संविधानको भावना र स्पिरिटलाई मर्न दिनुभएन । देश र जनताको आवश्यकता पूरा गराउने सन्दर्भमा वर्तमान सरकार धेरै शक्तिशाली हुनुपर्ने हो । उसलाई देश र जनताको पक्षमा काम गर्न र संविधानको भावनाअनुरूप अगाडि बढ्न कसैले रोक्न सक्ने अवस्था छैन ।

विशेष गरेर नयाँ संविधानअनुरूप निर्वाचन क्षेत्र निर्धारण गरी सबै राजनीतिक दललाई निर्वाचनमा सहभागी गराउनु संविधान कार्यान्वयनको मुख्य कामका रूपमा लिईन्छ । जुन चुनौतीपूर्ण नै थियो । केही दलबाहेक सबै दल निर्वाचनमा सहभागी भएकै कारण देशले निकास पाएको छ । गत स्थानीय तहको निर्वाचनमा मधेश केन्द्रित दलको सहमति नजुट्दा स्थानीय तहको निर्वाचन विभिन्न चरणमा गर्नुपरेको यथार्थ सबैसामु छ । यी दलले निर्वाचनमा भाग लिएपछि मात्र निर्वाचनको सुनिश्चितता र संविधान कार्यान्वयको दिशामा बल पुगेको थियो । यी दलको सहमतिविना निर्वाचनमा गएको भए पक्कै संविधान कार्यान्वयनको विषय अझ जटिल र कठिन हुने थियो । हुन त ती दलले उठाएका संविधान संशोधनको मुद्दा अझै सेलाएको छैन । मधेश केन्द्रित दलहरू अहिले पनि संविधान संशोधनका विषयमा टसमस देखिन्नन् । यतिबेला उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपाल संविधान संशोधन गर्ने सर्तमा वर्तमान सरकारमा सामेल भएको जनाइरहेको छ । मधेश केन्द्रित अर्को दल राष्ट्रिय जनता पार्टी संविधान संशोधनको सर्तमा वर्तमान सरकारलाई समर्थन दिईरहेको छ । फोरमले भने संविधान दिवसलाई बिरोध नगर्ने निति लिएको छ । निश्चय पनि संविधान गतिशील दस्तावेज हो, आवश्यकताअनुसार यसमा सुधार र परिमार्जन गर्न सकिन्छ । वर्तमान संविधानमा पनि त्यो गुन्जायस कायमै छ । ती दलले उठाएका नागरिकता, भाषालगायतका विषयमा आवश्यक छलफलबाट टुङ्ग्याउने वातावरण बनाउनुपर्छ । सरकारमा पनि बस्ने र सडकमा विरोध पनि गर्ने दोहोरो चरित्रले लोकतन्त्रलाई बजबुत तुल्याउन सक्दैन ।

यतिबेला संविधानमा व्यवस्था भएबमोजिमका नागरिकका मौलिक हकसम्बन्धी विधेयकहरू संसद्बाट पारित भईसकेका छन् । यी विधेयकहरू चाँडै नै कानुनका रूपमा आउने छन् । यस किसिमका कानुनको प्रभावकारी कार्यान्वयनबाट प्रत्येक नागरिकलाई विचार अभिव्यक्ति, पेशा व्यवसाय सञ्चालन गर्ने, संघ संस्था खोल्ने स्वतन्त्रता, समानता, सञ्चार, न्याय, सम्पत्ति, धार्मिक स्वतन्त्रता, शिक्षा, स्वास्थ्य, खाद्य, आवास, श्रम, रोजगार, भाषा सँस्कृति, सामाजिक सुरक्षालगायतका हक अधिकारलाई सुरक्षित र व्यवस्थित गर्नेछ । वास्तवमा आम नागरिकले मौलिक हकको निर्वाध प्रयोग र उपयोग गर्न पाउने व्यवस्थाले नै लोकतान्त्रिक शासन प्रणालीलाई सबल र सक्षम तुल्याउँछ । अब वर्तमान सरकारको प्राथमिकता भनेको संविधानको भावना र मर्मअनुरूप राज्यका संरचनालाई दरिलो बनाउँदै मुलुकलाई आर्थिक समृद्धिको दिशामा अगाडि बढाउनु हो ।

यतिबेला राज्यका विभिन्न निकायबाट तय गरिएका कर प्रणालीले संघीय संरचनाप्रति नै वितृष्णा बढ्न थालेको प्रतीत भईरहेको छ । यसलाई केन्द्र, प्रदेश र स्थानीय सरकारबीच समन्वय गरेर सहज र सहुलियत तवरको कर प्रणाली लागू गर्ने व्यवस्था मिलाउँदा उचित हुनेछ । कुनै पनि निर्णय औचित्यपूर्ण र चित्त बुझ्दो भयो भने सरकारले गुनासो सुन्नुपर्ने अवस्था आउँदैन । मुलुकलाई सुशासनको बाटोमा अगाडि बढाउन समाजमा हुने अनियमितता र बेथितिलाई रोक्नु सरकारको दायित्व पनि हो । यो अवस्थाले नै लोकतन्त्रलाई संस्थागत र सुदृढ बनाउन सहयोग पुग्छ । वास्तवमा नेतृत्वमा बस्ने व्यक्ति र निकायले नीति नियमको पालना नगर्दा नै समाजमा अनियमितता र बेथिति बढ्ने गरेका छन् । यसको अन्त्यका लागि सबैले संविधानको पूर्णपालना गर्ने अवस्था निर्माण हुनुपर्छ । संविधान दिवस मनाउनुको सार्थकता पनि यसैमा रहनेछ ।

एलडीपीको अध्यक्षमा आबे पुनः निर्वाचित

❑ नेस संवाददाता

टोकियो - जापानका प्रधानमन्त्री सिन्जो अबे सत्तारूढ दलको अध्यक्षमा पुनः निर्वाचित भएका छन् । उनको राजनीतिक दल 'लिबरल डेमोक्र्याटिक पार्टी' (एलडीपी) को गत बिहीबार सम्पन्न निर्वाचनबाट उनी अध्यक्षमा निर्वाचित भएका हुन् ।

उनले दलका सदस्य र सांसदबाट ५ सय ५३ मत प्राप्त गरेका छन् भने उनीविरूद्धमा उम्मेदवार बनेका अर्का नेता सिगेरू इसावाले भने २ सय ५४ मत मात्र पाएका थिए । नेता इसाबा जापानको पूर्व रक्षामन्त्री हुन् ।

आबे संविधान संशोधनको मुख्य एजेण्डाका साथ दलको नेतामा निर्वाचित भएका हुन् । उनी पुनः आफ्नो पार्टीको प्रमुखमा निर्वाचित भएसँगै सविधान संशोधनको उनको एजेण्डा पूरा हुने देखिएको बताइएको छ ।

यो विजयसँगै प्रधानमन्त्री आबे जापानमा सबैभन्दा लामो समय प्रधानमन्त्री बन्ने लगभग निश्चित जस्तै भएको छ । प्रधानमन्त्री आबे अहिले ६३ वर्षका छन् ।

जापानी लगानीकर्ताद्वारा नेपालको तीन स्थानमा पाँचतारे होटल बन्ने

❑ नेस संवाददाता

काठमाडौं - नेपाल सरकारले जापान क्लब इन्टरनेशनलाई मुलुकका तीन स्थानमा पाँच तारे होटल स्थापनाका लागि लगानी स्वीकृत गरेको छ ।

लगानी बोर्डको हालै बसेको बैठकले जापानी लगानीकर्तालाई काठमाडौंको थानकोट, भक्तपुर र पोखरामा होटल स्थापनाका लागि लगानी स्वीकृत गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरेको हो ।

१३ अर्ब ९० करोड लागतमा ती होटल स्थापना गर्ने, पर्यटन प्रवर्धनलाई सहयोग पुऱ्याउने गरी आवश्यक प्रक्रिया अगाडि बढाउन बोर्डलाई निर्देशनसमेत दिएको छ ।

जापानको प्रतिष्ठित होटल समूहका रूपमा रहेको जापान क्लब इन्टरनेशनलले नेपालमा लामो समयदेखि होटल स्थापना गर्ने प्रस्ताव गरेको थियो ।

सोही प्रस्तावअनुसार आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरेको बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारीले जानकारी दिए ।

दूतावासबाटै श्रम स्वीकृति

❑ नेस संवाददाता

काठमाडौं - अबदेखि घरेलु कामदारसहित नेपाली कामदारले विदेशस्थित नेपाली दूतावासबाटै दुई पटकसम्म श्रम स्वीकृति लिन पाउने भएका छन् ।

वैदेशिक रोजगार ऐनमा रहेको व्यवस्थालाई संशोधन गरेर यो व्यवस्था लागू गर्न लागिएको हो । पछिल्लो व्यवस्था मन्त्रिपरिषदबाट पास भईसकेको छ । संसदबाट संशोधन पास हुनेबित्तिकै कामदारले विदेशबाटै श्रमस्वीकृति लिन पाउनेछन् । सरकारले तत्काललाई विदेशमा घरेलु काममा पठाउन रोक लगाएको छ । यही व्यवस्थाका कारण घरेलु काममा पनि राम्रो काम र कमाई गरिरहेका थुप्रै घरेलु कामदार स्वदेश फर्कन पाएका थिएनन् ।

नेपाल फर्किएपछि श्रम स्वीकृति नहुने भएकाले धेरै घरेलु कामदार भिसा अवधिभन्दा धेरै समय विदेशमा बस्न बाध्य थिए । अब विदेशबाटै श्रम स्वीकृति हुने भएपछि घरेलु कामदार सहित सबै कामदार श्रम स्वीकृति लिन नेपाल आउनुपर्ने झण्झटबाट मुक्त हुनेछन् ।

दुई पटकभन्दा बढी श्रम स्वीकृति लिन पाउने व्यवस्था हुँदा कामदार नेपाल नफर्किने अवस्थालाई ध्यान दिंदै यो व्यवस्था ल्याईएको बताइएको छ । श्रम स्वीकृतिको लागि नेपाली कामदारले सास्ती खेप्दै आएकाले श्रम मन्त्री गोकर्ण विष्टको पहलमा नयाँ व्यवस्था गर्न लागिएको हो ।

मगर संघ कान्तोमा रित राना मगर

❑ नेस संवाददाता

टोकियो - नेपाल मगर संघ जापानको कान्तो क्षेत्रीय अधिवेशनले रित राना मगरको अध्यक्षतामा २५ सदस्यीय कार्यसमिति गठन गरेको छ ।

आइतवार भएको सो अधिवेशनबाट कार्यसमितिको उपाध्यक्षहरूमा विजय थापा मगर, मनिष मगर, रूद्र थापा मगर, खड्क पुन मगर र महिला उपाध्यक्षमा जिग पुन मगर चयन भएका छन् । यसैगरी सचिवमा महेन्द्र खपाङ्गी मगर, सहसचिवमा नारायण बुढा मगर, कोषाध्यक्षमा रमेश राना मगर र सहकोषाध्यक्षमा चेतबहादर थापा मगर चयन भएको निर्वाचन मण्डलका सदस्य थानु राना मगरले नेपाली समाचारलाई बताए ।

यसैगरी सदस्यहरूमा मिष्ट्री राना मगर, मिनबहादर थापा मगर, चेतन राना मगर, बलबहादुर मगर, सबिन थापा मगर, असिम खपाङ्गी मगर, दिलिप राना मगर, रबिन थापा मगर, रबिन्द्र मगर, अनुज मगर, तुलप्रसाद गलामी मगर, तोम राना मगर, छोक्पा मगर र अस्मिता मगर चयन भएका छन् भने साँस्कृतिक संयोजकमा चेतन घर्ती मगर र खेलकुद संयोजकमा भिक्टर मगर चयन भएका छन् ।

नेपाल मगर संघ जापानका केन्द्रीय अध्यक्ष नविन थापा मगरको सभापतित्व र नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष टेकबहादुर लिम्बु (सुमन) को प्रमुख आतिथ्यतामा भएको सो अधिवेशनमा तमु धीं जापानका अध्यक्ष अनिता गुरूङ लगायतका संघसंस्थाका प्रतिनिधीहरूले शुभकामना मन्तब्य रहेको थियो ।

नयाँ कार्यसमिति चयनका लागि पूवं अध्यक्षहरू थानु राना मगर, गमप्रसाद जुग्जाली र शैलेन्द्र थापा मगर रहेको तीन सदस्यीय निवाचन मण्डल गठन गरिएको थियो ।

जापानमा विदेशीहरुको संख्या हालसम्मकै अधिक

❑ नेस संवाददाता

टोकियो - जापानमा विदेशीहरूको संख्या हालसम्मकै अधिक रहेको जापानको कानुन मन्त्रालय अन्तर्गतको अध्यागमन ब्युरोले जनाएको छ ।

ब्युरोका अनुसार गत जुन महिनाको अन्तसम्ममा जापानमा २६ लाख ३७ हजार २ सय ५१ विदेशीहरू रहेको बताईएको छ । सन् १९५९ देखि विदेशीहरूको रेकर्ड राख्न थालेयता हालसम्मकै अधिक संख्या हो । जापानको कुल जनसंख्याको यो करीव २ प्रतिशत हो ।

गत वर्षको डिसेम्बर यताको ६ महिनामा विदेशीहरूको संख्या ७५ हजार ४ सय ३ बढेको ब्युरोले जनाएको छ ।



विदेशीहरूमा सबैभन्दा बढि चिनियाहरू ७ लाख ४१ हजार ६ सय ५६ रहेका छन भने दोस्रोमा दक्षिण कोरियालीहरू ४ लाख ५२ हजार ७ सय १ जापानमा रहेका छन् । यसैगरी तेस्रोमा भियतनामीहरू २ लाख ९१ हजार ४ सय ९४ रहेका छन् ।

नेपालीहरूको संख्या भने करीव ८५ हजारको हाराहारी पुगेको बताईएको छ ।

हिमालको पानी बेचेर धनी बन्न नेपाललाई जापानको सुझाव

❑ नेस संवाददाता

काठमाडौं - जापानको सत्तारूढ डेमोक्रेटिक पार्टीका नेता, सांसद र व्यवसायी सम्मिलित प्रतिनिधिमण्डलले हिमालय क्षेत्रको पानी विदेश निर्यात गरेर आम्दानी बढाउन नेपाललाई सुझाव दिएको छ ।

नेपाल भ्रमणमा रहेको प्रतिनिधिमण्डलले आइतबार वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेतसँगको भेटमा नेपालको हिमालयमा रहेको पिउन योग्य पर्याप्त पानी निर्यात गर्न सकिने बारेमा सुझाव दिएको हो ।

त्यस अवसरमा मन्त्री बस्नेतले पानी विदेश बेच्नेबारे खानेपानी मन्त्रालयले योजना बनाई सम्भाव्यता अध्ययन भईरहेको बताउनुभएको मन्त्री बस्नेतका प्रेस संयोजक दयानिधि भट्टले जानकारी दिनुभयो ।

उहाँले नेपालमा बढ्दो सहरीकरणसँगै फोहर व्यवस्थापन जटिल र चुनौतीपूर्ण बन्दै गएको उल्लेख गर्दै त्यस क्षेत्रमा जापानले प्रयोगमा ल्याएको विधि सफल भएकाले नेपालमा पनि त्यस्तै दीर्घकालीन समाधानको विधिमा जान लागिएको बताउनुभयो ।

यस्तै विकास र वातावरणबीच सन्तुलन कायम गर्ने चुनौती रहेको चर्चा गर्दै उहाँले विकासलाई दिगो बनाउन वातावरणमैत्री नीति र विधि तय गर्ने काममा सरकार लागेको उल्लेख गर्नुभयो ।

नेपालले वन क्षेत्रलाई आर्थिक विकासको माध्यम बनाएर कार्ययोजना बनाएको भन्दै उहाँले मुलुकका सातवटै प्रदेश र ७ सय ५३ वटै स्थानीय तहमा वनमा आधारित उद्योग स्थापना गर्न लागिएको बताउनुभयो ।

भेटमा प्रतिनिधिमण्डलको नेतृत्व गरेका त्यहाँको डेमोक्रेटिक पार्टीका नेता यासुहिरो नाकाइले नेपालको फोहर व्यवस्थापनमा सहयोग गर्न आफ्नो सरकार तयार रहेको बताउनुभयो ।

पूर्वसांसद गो सिनोहराले वातावरण प्रदूषण नेपालको मात्र नभई विश्वकै साझा समस्या भएकाले त्यसमा सबै मिलेर काम गर्नुपर्ने सुझाउनुभयो ।

टोली सदस्य तथा पूर्वसांसद माचुदाले विश्वभर अब सबैभन्दा ठूलो संकट पानीको आउने भन्दै नेपालको हिमालय क्षेत्रमा रहेको पर्याप्त पानीलाई विदेशमा बेचेर मनग्गे पैसा कमाउन सकिने धारणा व्यक्त गर्नुभएको थियो ।

विकास र वातावरणबीच सन्तुलन कायम गरेर अघि बढ्न टोलीको सुझाव थियो ।

गाडी चाहिएमा
सेवामा हाँजिर छौं

नेपाली तथा इण्डियन रेष्टुरेन्टमा आवश्यक पर्ने खण्डे थाल, कटौरा, म:म: पकाउने भाडो, प्रेसरकुकर, करूवा लगायतका भाँडाकुडा पनि उपलब्ध छ ।

For Moving & Shifting

कोठा सर्नु परेमा, अरु कुनै सामान सार्नुपरेमा, समुहमा वा स-परिवार कतै घुम्न जानको लागि गाडि चाहिएमा हामीलाई सम्झनुहोस् । सुपथ मूल्यमा सेवा उपलब्ध छ ।

Asia Hunter
Masaki Kobayashi Tel: 03-3641-7087
Mob: 090-9304-2626 Email : master@asiahunter.com

Asia Moving
www.asiahunter.com

कोवायासी भिषा सर्भिस

सस्तो, सुलभ र छिटो सेवाका लागि हामीलाई सम्झनुहोस् ।

सेवाहरू (Services) — नेपाली, अंग्रेजी, हिन्दी र जापानी भाषामा कुरा गर्न सकिने ।

भिषा नवीकरण — लाग्ने खर्चः9,800 येन
स्थायी भिषा (एईज्यु) — लाग्ने खर्चः50,000 येन
■ भिषाको प्रकृति परिवर्तन — लाग्ने खर्चः35,000 येन
■ कम्पनी स्थापना — लाग्ने खर्चः आपसी सहमतिमा तय गरिने
■ नयाँ भिषा सम्बन्धि काम — कुकः50,000 येन — डिपेन्डेण्टः35,000 येन

हिरोनारी कोवायासी

TOKYO TAIAN GYOUSEISYOSHI OFFICE
Tel: 03-6279-3353 Fax: 03-6908-5805 Mobile: 080-4186-2102
E-mail: tokyovisa409@gmail.com URL: http://www.tokyotaian.com
Shinokubo Lions Mansion 409, 2-4-5, Hyakunincho, Shinjuku, Tokyo, Japan

नेपाली व्यवसायी संघ जापानको अध्यक्षमा विजय थकाली

❑ नेस संवाददाता

टोकियो – नेपाली ब्यवसायी संघ शिनओकुबो जापानको आइतवार भएको प्रथम अधिवेशनले ब्यवसायी बिजय थकालीको अध्यक्षतामा १९ सदस्यीय सर्बसम्मत नयाँ कार्यकारी समिति चयन गरेको छ ।

अधिवेशनले वरिष्ठ उपाध्यक्षमा ददिवल खड्का, उपाध्यक्षमा सञ्जिव पोखरेल, महासचिवमा पुष्करजंग थापा, सचिवमा बाबुराम पौड्याल, कोषाध्यक्षमा नरबहादुर थापा र सहकोषाध्यक्षमा जीवन गुरूङलाई चयन गरेको छ ।

यसैगरी सदस्यहरूमा महेश श्रेष्ठ, ओम गुरूङ, तिलक मल्ल, महेन्द्र बानियाँ, बाबुराम भण्डारी, कुमार कार्की, सचिन श्रेष्ठ, विष्णु त्रिपाठी, प्रकाश बस्नेत, राजेश श्रेष्ठ, रविना मरहट्ठा र मार्शल रायमाझी चयन भएका छन् ।

अधिवेशन आयोजक समितिका संयोजक बिजय थकालीको सभापतित्वमा भएको सो अधिवेशन समारोहको दिप प्रज्वलन गरी उद्घाटन गरिएको थियो । राष्ट्रियगानबाट सुरू गरिएको सो समारोहमा नरबहादुर थापाको स्वागत मन्तब्य रहेको थियो भने नेपाली ब्यवसायी संघको स्थापना गर्नुको औचित्य र ब्यवसायी संघको अबको दिशा एवं कार्यभारका सम्बन्धमा महेश श्रेष्ठले प्रकाश पारेका थिए । अधिवेशनले तिलक मल्लद्वारा प्रस्तावित विधानलाई सामान्य संशोधनसहित पारित गरेको छ ।

जसअनुसार तत्कालका लागि शिनओकुबो र यसको आसपासको क्षेत्रलाई कार्यक्षेत्र मानिए पनि क्रमशः यसलाई जापानब्यापी बिस्तारित गरिने गरी विधान पारित गरिएको छ । अधिवेशन समारोहमा आगामी दुई वर्षे कार्यकालका लागि प्रस्तावित कार्यसमितिको नामावली सर्बसम्मत पारित भएपछि नयाँ कार्यसमितिको घोषणा गरिएको थियो ।

नवगठित कार्यसमितिलाई विभिन्न संघसंस्थाका प्रतिनिधीहरूले शुभकामना दिनुका साथै ब्यवसायी संघले गर्नुपर्ने

कार्यहरूका बारेमा सुझाव दिएका थिए । बोल्ने वक्ताहरूले ब्यवसायी संघले अन्य संघसंस्थाहरूको भिडमा फरक ढाँचा र कार्यशैलीका साथ महशुस हुने गरी ब्यवसायिक हितका कामहरू गरेर देखाउनुपर्नेमा जोड दिएका थिए ।

बोल्ने वक्ताहरूमा एनआरएन आइसीसीका प्रवक्ता भूषण घिमिरे, आइसीसीका सदस्यद्वय ओम गुरूङ, कपिलदेव थापा, नेपाल पत्रकार महासंघ जापान शाखाका सल्लाहकार बेलुकाजी थापा, प्रवासी नेपाली मञ्चका उपाध्यक्ष बाबुराम भण्डारी, नेपाली जनप्रगतिशील मञ्चका अध्यक्ष हवलचन्द्र लामा, नेपाली जनसम्पर्क समिति जापानका महामन्त्री रामजंग कार्की, नेपाल आदीबासी जनजाति महासंघ जापानका प्रवक्ता श्रीभक्त गुरूङ, नेपाल पत्रकार महासंघ जापान शाखाका सचिव ऋतुकुमार दुरा लगायतका रहेका थिए ।

समारोहमा नेपाली राजदूतावासका उपनियोग प्रमुख कृष्णचन्द्र अर्यालले ब्यवसायी संघले जापानमा नेपाली ब्यवसायीहरूको हक हितका लागि धेरै कामहरू गर्न सक्ने बताउँदै यसको भविष्य र संभावना प्रशस्त रहेको धारणा ब्यक्त गरे । उनले नेपाली ब्यवसायी संघलाई आवश्यक पर्ने सहयोगका लागि नेपाली राजदूतावासको ढोका सँधै खुल्ला रहने वचनवद्धता पनि ब्यक्त गरे ।

समारोहको समापन गर्दै नवनिर्वाचित अध्यक्ष विजय थकालीले नेपाली ब्यवसायीहरूको हक, हित र ऐक्यबद्धताका लागि संघले तदारूकताका साथ आवश्यक कदम चाल्ने बताए । उनले भने – 'आपसी हितका लागि ब्यवसायीहरू बीचको एकतालाई सुदृढ गर्दै, अवाञ्छित गतिविधिको रोकथाम र नयाँ नयाँ ब्यवसायिक संभावनाको खोजी गर्ने यस कार्यसमितिको प्रमुख कार्यभार हुने छ, त्यसका लागि सबै ब्यवसायीहरूको रचनात्मक सहयोगको अपेक्षा गरेका छौं ।'

टोकियो रोधी क्लवको सभाकक्षमा भएको सो समारोहको अधिवेशन आयोजक समितिका उपसंयोजक समेत रहेका नवनिर्वाचित महासचिव पुष्करजंग थापाले सञ्चालन गरेका थिए । ब्यवसायी संघले नितान्त फरक शैली र नयाँ ढाँचामा कार्यसम्पादन गर्दै जाने नीति अगाडि सारेको छ । जसअनुसार खादा, रिबन, ब्याच, भद्दा आसन ग्रहण जस्ता बिषयलाई कटौती गर्दै जाने र संघको कार्यसमितिमा सल्लाहकार, संरक्षक जस्ता आलांकारिक पदहरू नरहने ब्यवस्थासहितको विधानलाई पारित गरेको छ ।

मुलधारका ठूला जापानी मिडियाहरूको समेत ध्यानाकर्षित गरिरहेको नेपालीहरूको विजनेश हब मानिने शिनओकुबोमा अत्यधिक नेपाली गतिबिधी केन्द्रित भईरहेको र समय समयमा हुने अवाञ्छित गतिविधीहरूले गर्दा ब्यवसायिकरूपमा नकरात्मक असर पर्नुका साथै समस्त नेपालीहरूलाई लज्जित हुनु परेको विगतको अनुभवबाट पाठ सिक्दै ब्यवसायी संघले यस तर्फ यथाशिघ्र आवश्यक कदम चाल्ने कार्ययोजना अगाडि सारेको छ ।

चितवमा खुल्यो व्यवस्थित तरकारी बजार

❑ नेस संवाददाता

काठमाडौं – चितवनमा सुविधा सम्पन्न तरकारी तथा फलफूल बजार सञ्चालनमा आएको छ । नारायणगढ बजारको लायन्सचोकमा रहेको तरकारी तथा फलफूल बजार सोमबारदेखि भरतपुर महानगरपालिका–२ क्षेत्रपुरमा व्यवस्थित रूपमा सञ्चालनमा आएको हो । भरतपुर महानगरपालिकाले लायन्चोकको फलफूल तथा तरकारी थोक बजार हटाउने भएपछि व्यवसायीले आफ्नै पहलमा करिब १४ करोड लगानीमा सुविधा सम्पन्न तरकारी बजार निर्माण गरेका हुन् ।

व्यवसायीले कृषि प्रवर्द्धन बजार विकास प्रालि कम्पनी गठन गरी शेयरमार्फत रकम संकलन गरेर तीन बिगाहा जग्गामा बजार निर्माण गरेका छन् । लायन्चोकमा भएको तरकारी बजार साँघुरो र जोखिमपूर्ण भएका कारण फराकिलो क्षेत्रमा बजार निर्माण गरिएको कृषि प्रवर्द्धन बजार विकास प्रालिका अध्यक्ष शालिकराम घिमिरेले जानकारी दिनुभयो ।

तरकारी बजारभित्र सडक कालोपत्रे बाहेकका अन्य काम सम्पन्न भएको उहाँले बताउनुभयो । निजी क्षेत्रको लगानीमा नेपालकै ठूलो तरकारी तथा फलफूल बजार भएको घिमिरेको दाबी छ । 'काठमाडौंमा रहेको कालिमाटी तरकारी बजारपछि देशकै ठूलो बजार हो,' उहाँले भन्नुभयो–'फोहोर व्यवस्थापन, सवारीसाधन पार्किङ र ढल व्यवस्थापन उचित तरिकाले गरिएको छ ।'

आधुनिक तरिकाले निर्माण गरिएको बजार किसान व्यापारी र ग्राहक सबैका लागि उपयोगी हुने गरी निर्माण भएको घिमिरेको भनाइ छ । बजारमा पर्याप्त खुला ठाउँ रहेकाले सवारी पार्किङका लागि कुनै समस्या नहुने घिमिरेले बताउनुभयो । उहाँले तरकारी तथा फलफूलको दररेट राखिएको डिजिटल डिस्प्ले र सूचना पाटीको समेत व्यवस्था गरिने जानकारी दिनुभयो ।

तीन बिघा क्षेत्रफल भएको जग्गामा बजार निर्माण गरिएको हो । तरकारी बजारमा चिया खाजाका लागि दुई रेष्टुरेण्ट, शौचालय, तथा खानेपानीको समेत व्यवस्था छ । कृषकले आफ्नो उत्पादन आफैं बजारमा लगेर आफैंले सिधै उपभोक्तालाई बिक्री गर्न पाउनेछन् । किसानका लागि निःशुल्क सटरसमेत उपलब्ध गराइने भन्दै घिमिरेले विभिन्न कृषक समूहलाई सटर उपलब्ध गराइने बताए ।

लायन्सचोकको तरकारी बजारमा १ सय ६४ वटा सटर रहेको थियो भने नयाँ बनेको तरकारी बजारमा २ सय १७ वटा स्टल छन् । व्यावसायिक प्रयोजनका २८, थोकका लागि १३७, खुद्रा व्यवसायका लागि ३८ र कृषकका लागि १४ वटा सटर रहने छन् ।

२०५० सालदेखी संचालनमा आएको लायन्सचोकको थोकबजारमा दैनिक १ करोड बराबरको फलफूल तथा तरकारीको कारोबार हुँदै आएको छ । साँघुरो स्थानमा रहेको थोकबजारमा किसानले उत्पादन गरेका कृषिउपज कमै ल्याउने गरेका थिए ।

संविधानको तीन वर्षे यात्राः कार्यान्वयनमा चुनौती, असन्तुष्टिहरु कायमै

❑ नेस संवाददाता

काठमाडौं – संविधानसभाबाट संविधान जारी भएको तीन वर्ष पुरा भएको छ । मुलुकको भविष्यबारे अन्योल भईरहेका बेला २०७२ साल असोज ३ गते संविधानसभाले जोखिम मोलेर नयाँ संविधान घोषणा गरेको थियो । तर त्यसपछि संविधान कार्यान्वयनको क्रममा सहमति गरेर संविधान जारी गरेका दलहरूबीच नै एक मत हुन सकेनन् । तर, पनि विस्तारै संविधान कार्यान्वयन हुने बाटोमा अग्रसर भईरहेको छ ।

संविधानसभाका करीब ९० प्रतिशत सदस्यले हस्ताक्षर गरेको संविधान अझै पनि सर्वसम्मत हुन भने सकेको छैन । संविधानप्रति असहमति जनाउँदै मधेश केन्द्रित दलहरूले सडक आन्दोलन मात्र गरेनन् नाकाबन्दी समेत गरे । तर, स्थानीय तहको निर्वाचन हुँदै संघीय र प्रदेशको चुनावसम्म आईपुग्दा असन्तुष्ट राजनीतिक दलहरू यही संविधानभित्रै रहेर निर्वाचनमा सहभागी भएका छन् ।

अहिले संविधान कार्यान्वयनको चरणमा छ । सोहीअनुसार मुलुकमा तीनै तहको निर्वाचन सम्पन्न भई नयाँ संविधानअनुसार नै सरकारहरू गठन भएका छन् ।

असन्तुष्ट राजनीतिक दलहरू पनि यही संविधानलाई टेकेर सत्तामा पुगिसकेका छन् । संविधान कार्यान्वयनका लागि चाहिने कानुन संसद्बाट धमाधम बन्दै छन् ।

मौलिक हक कार्यान्वयनसम्बन्धी कानुन बनिसकेका छन् । तर, अझै पनि धेरै कानुन बनाउनुपर्ने र संविधान कार्यान्वयनलाई सहज बनाउँदै लैजानुपर्ने आवश्यकता देखिएको छ ।

त्यसका लागि दुई तिहाई बहुमतको सरकारले मात्र प्रयास गरेर हुँदैन, मुलुकका सबै राजनीतिक दल र सम्बन्धित अन्य निकायहरूबाट पनि सहयोग गर्नुपर्छ । तीन वर्षअघि असोज ३ गते संविधान जारी भएको साँझ देशमा दिपावली र विरोध सँगसँगै भएको थियो ।

त्यसपछिका दिनमा संविधानले दिएका अधिकार जनतालाई बुझाउने अभियान र संविधानको विरोधमा संशोधनको मागसहितको आन्दोलन पनि सँगसँगै चल्यो । तर, अहिले संविधानप्रति उत्तेजक टिप्पणी नभए पनि संविधान सजिलो ढंगबाट अगाडी बढिरहेको छैन ।

त्यसैले संविधानलाई सर्वस्वीकार्य बनाएर दलीय एकताबाट पूर्ण कार्यान्वयनको दिशामा अगाडी बढाउन सकेमात्र जनताले नयाँ संविधानको अनुभूति गर्न पाउनेछन् ।

नेपालीहरुको लगानीमा अमेरिकामा बैंक

❑ नेस संवाददाता

काठमाडौं – नेपालीहरूको लगानीमा अमेरिकाको न्यूयोर्कमा बैंक सञ्चालनमा आएको छ । अमेरिकी संघीय सरकारको नेसनल क्रेडिट युनियन एड्मिनिस्ट्रेशन (एनसीयूए) ले गत अगस्ट २४ मा उक्त बैंकलाई सञ्चालन गर्ने अनुमति दिएको हो । यसका सबै लगानीकर्ता नेपाली हुन् ।

नेपाली विदेशमा दुःख मात्रै गर्न जान्छन् भन्ने आमबुझाइ छ । तर, त्यसलाई खण्डन 'एभरेस्ट फेडरल क्रेडिट युनियन' को उदयले गरेको छ । यो सामुदायिक बैंक हो । उक्त बैंकको गत साता नेपाली राजदूत अर्जुन कार्कीले उद्घाटन गरेका हुन् । उक्त समारोहमा ४ सयभन्दा बढी नेपालीहरू सहभागी थिए ।

'नेपाली समुदायले धान्न सक्ने सेवा प्रदान गर्ने हेतुले नेपाली लगानीकर्ताबाट एभरेस्ट फेडरल क्रेडिट युनियन खुलेको बताईएको छ ।

एभरेस्टले बचत तथा ऋण, इ–बैंकिङका साथै रेगुलर सेयर, सेयर ड्राफ्ट, सेयर धितोबापत ऋण, सवारी कर्जा, क्रेडिट कार्ड कर्जा, मनी अर्डर, वायर ट्रान्सफरजस्ता वित्तीय कारोबार गर्ने अनुमति पाएको छ । यसले न्यूयोर्कबाट सेवा सुरू गरेर अमेरिकाका विभिन्न राज्यमा शाखा विस्तार गर्ने लक्ष्य राखेको छ ।

संस्थाका अन्य सञ्चालकहरूमा अञ्जन श्रेष्ठ, राजन कर्माचार्य, विजय पौडेल, जीवन बम, विराज रिजाल, रामसी पोखरेल छन् । अनुगमन समितिमा सुख गुरूङ, केशव पौडेल छन् । क्रेडिट कमिटीमा मोहन गिरी र नवराज केसी छन् । सञ्चालक कर्माचार्यले नेपाली समुदाय लक्षित भए पनि यसलाई अमेरिकी साथै अन्य आप्रवासीलाई

आकर्षित गर्ने सेवा–सुविधा ल्याइने बताए ।

कार्यक्रममा राजदूत कार्कीले सामुदायिक बैंक स्थापना गरी अमेरिकामा फरक पहिचान बनाउन नेपालीले गरेको मेहनतको प्रशंसा गरे । तीन वर्षदेखिको प्रयास र जटिल कानूनी प्रक्रिया पूरा गरी यसले सञ्चालन अनुमति पाएको हो । यसमा खाता खोल्ने सबै सदस्य बन्छन् । तर, यसलाई नेपालका सहकारीभन्दा बढी व्यावसायिक कारोबारको अधिकार हुन्छ ।

ए हजुर कता ? बाराही हलाल फुड यता !

माछा, मासु, मसला, दाल चामल लगायत अन्य दैनिक उपभोग्य सामानहरु
आवश्यक परेमा विगत लामो समयदेखि यहाँहरुकै सेवामा समर्पित वाराही
फुड्स एण्ड स्पाइस सेन्टरलाई सम्झनुहोस् ।
होम डेलिभरी (थाक्युबिन) को पनि व्यवस्था छ ।

Barahi
Foods & Spice Center
नेपाली पसल (हलाल फुड)

Tel. 090-6094-9954 (Soft Bank),
03-3363-1145, Fax. 03-5386-8797
टोकियो स्थित शिन–ओकुबो
स्टेशनबाट ३० सेकेण्ड मात्र

इन्दो बजार

माछा, मासु, मसला, दाल चालम लगायत अन्य दैनिक उपभोग्य सामानहरु
आवश्यक परेमा विगत ३० वर्षदेखि यहाँहरुकै सेवामा समर्पित हलाल फुड
इन्दो बजारलाई सम्झनुहोस् ।
होम डेलिभरी (थाक्युविन) को पनि व्यवस्था छ ।

Contact for More Details
INDO BAZAAR
Tel: 03-5744-7834

JR Keihin Tohoku Line, Ikegami Line, Tamagawa Line
Kamata Station (East Exit)
5-20-6 Kamata, Ota-Ku, Tokyo 144-0052

टेन्सनः डिजाइनर

हिजोको दिनमा यी हातले भकारो सोहोरेको छ । जुका घारीमा घाँस काटेको छ । अरू दिन स्कुल गए पनि विदाको दिनमा हलो बाउसो समाएको छ, भारी बोकेको छ । मेलापात धाएको छ । अर्मपर्म लाएको छ । वनपाखा डुलेर ऐसेलुकाफल खाएको छ अनि डाँडापाखा रन्कने गरेर झ्याउरे गीत गाएको पनि छ । साधारणतय विद्यार्थी कालमा नै ग्रामिण भेगमा गर्नुपर्ने हरेक काम गरेको अनुभव छ । हिजो भकारो सोहोरेको यी हातहरू आज कहिले कम्प्यूटरको माउस अँठ्याउँछ त कहिले किवोर्डमाथि सल्बलाउँछ । म यस्तो जेनेरेशनमा जन्मिएँ कि मसँग ती बेलाका अनुभवहरू मनको तखातामा चाङैचाङ छन् । र अहिलेको नयाँ युगसँगैका सुख र विन्दासका दिनहरू पनि देखभोग गरिरहेकै छु । मलाई लाग्छ म भन्दा अगाडि जन्मेकाहरू कतिपय अहिलेको नयाँ प्रविधिसँगको घुलमिल हुन नपाएकाहरू धेरै छन् भने पछाडि जन्मेकाहरूले पुराना गाउँले जीवनका भोगाईहरू अनुभव गर्न पाउँदै पाएनन् ।

जब एसएलसी दिएर पहिलो पटक पढ्न सहर पसें त्यही बेला मैले शहरको झिलीमिली देखें । मोटरगाडीहरू देखें अनि सहरीयाहरूको जीवनशैली नजिकबाट नियालें । त्यही बेला नै जीवनमा पहिलो पटक मैले कम्प्यूटर देखें । ती दिन थिए जुनबेला मैले कम्प्यूटर सिकें-सहरले सिकायो । कम्प्यूटर सिक्ने एक फेसन थियो । भोलि कम्प्यूटर चलाएर जीविकोपार्जन होला भन्ने त थिएन नै तर रहरले सिकायो । आज २४ घण्टाको एक दिनमा करीव १४, १५ घण्टा कम्प्यूटर नै चलाइरहनुपर्ने भएको छ । म सानैदेखि अलि बेग्लै प्रवृत्तिको मान्छे । अरूले साइकल चलाए, मलाई पनि साइकल चलाउने रहर हुने, गाडीमा यात्रा गर्दा पनि गाडी चलाउने ड्राईभर हुन मन लाग्ने गर्दथ्यो । सीप सिक्ने कुरामा निकै लोभी थिएँ । त्यसैको परिणाम हो या खै कुन्नी जापान आउनु भन्दा २ महिना अगाडिसम्म पोखरामा ट्याक्सी ड्राईभर पनि भएँ । जुन अनुभवले ट्याक्सी ड्राईभरलाई सर्वसाधारणले कसरी हेर्छन कस्तो व्यवहार गर्छन भन्ने कुरा निकै नजिकबाट नियाल्ने मौका मिल्यो । ट्याक्सीमा यात्रा गर्ने पढेलेखेका युवायुवतीहरूले यो ड्राईभर हो केही थाहा छैन भनेजस्तो गरेर होच्याएर पनि व्यवहार गर्ने गर्दथे । कलेजका कुरा पढाईका कुरा गर्दै गर्दा विएड पढेको हुँ भन्दा कतिले पत्याउँदैनथे पनि । जापान आउने तयारीको लागि आफैले काम गरेको समाधान राष्ट्रिय दैनिकको काम विट मारेर ट्याक्सी चलाउन थालेको थिएँ । साथीहरूले पनि हाँसोमजाक गर्थे-'ड्राईभर पत्रकार' भन्थे । कसैले मेरो विषयमा फिचर समाचार बनाउन पर्‍यो पनि भन्थे । तर जीवनलाई हरेक क्षेत्रबाट नियाल्ने मौका मिल्यो भनौं जुन दिनको यादले म अहिले पनि एक्लै मुस्कुराउने गर्दछु ।

जापान आएपछि काम गरेर पहिलो महिनाको तलवले ८ मान तिरेर कम्प्यूटर पनि किनें जसले जानि राखेको मेरो कम्प्यूटरसम्बन्धी ज्ञानलाई घट्न दिएन अझ बढाईदियो । त्यसपछिका अहिले एउटा डिजाइनरको रूपमा जागीर खाईरहँदासम्म जिन्दगीले थुप्रै मोडहरू लियो । ती कुराहरू आ-आफ्नो ठाउँमा उत्तिकै यादगार छन् । तर अहिले एउटा डिजाइनरको काम भनेको पनि टेन्सन हो भन्न मन लागेको छ । हिजो पत्रिकाको डिजाइन गर्ने काम पनि निकै टेन्सन हुन्थ्यो । कहिले सेट गरिसकिएको समाचार अर्को पेजमा हाल भन्ने त कहिले यसो गर र उसो गर भनेर भन्ने गर्दथे । लगभग फाइनल भईसकेको पुरै ले-आउट नै परिवर्तन गर्न समेत पर्थ्यो । अहिले पनि चाला उही नै हो । खास गरी मैले देखेको कुरा हामी नेपालीहरूको पहिले नै केही फिक्स भन्ने कुरा नै हुँदैन । सबै कुरा जे भईदिन्छ एक्कासी भईदिन्छ । अनि हतार भैदिन्छ । सोचेर, बुझेर आफैले तयारी गर्ने भन्ने कुरा नै छैन । कसैको मेन्यू कपी गरेको दुई पत्ता लिएर यस्तै बनाइदिनु पर्‍यो भन्दै आउनेहरू धेरै छन् जो जापानको व्यवसायी भन्दा पनि नसुहाउने खालको लाग्छ । कसैले त अझ यताबाट मेशिनमा राखेर उताबाट डिजाइन भएर निस्कने हो झैं गर्छन । आफ्नै भिजन भनेको केही छँदैछैन । कोही कोही भएकाहरू पनि नभएका भने होइनन् । तर म यो गर्छु भनेर आफैले भन्न सक्ने, कसैको कपी नगर्ने भनेको एकदमै कम छ भन्दा फरक नपर्ला । अहिले लाग्छ कस्तो दिनमा डिजाइनर बन्न पुगिएछ । साना-साना कुरामा समस्या भईरहने । पैसा तिरेपछि सबै कुरा आफै हुन्छ भन्ने मानसिकता बोकेको व्यक्तिहरूको हावी भएको ठाउँमा काम गर्न निकै नै टेन्सन छ । सिनओकुवो क्षेत्रमा नेपाली खाना सेटको मूल्य कम्पिटिसनले गर्दा घटेजस्तै डिजाइनको काम पनि निकै कम्पिटिसन चलेको देखिन्छ । चाहे ग्राफिक्स डिजाइन होस् या त वेभ या अरू कुनै । निकै समय दिएर धेरै कुराहरूको परीक्षण गरेर गर्न पाइने हो भने अरूको भन्दा भिन्न र राम्रो डिजाइन गर्न सक्ने डिजाइनरहरू जापानमा निकै छन् । तर सकेसम्म निःशुल्क सहयोग गर्न पर्ने अवस्था छ । एउटा फेकवुकको व्यानर बनाएको के पैसा लाग्छ र ? फेसवुकमा राख्न एउटा शुभकामना यसो डिजाइन गरेको के पैसा लाग्छ र लौन त्यति गरिदिनु भन्नेहरू धेरै छन् । एउटा डिजाइनरले मेहनत गरेर डिजाइन गरेको पोस्टर, पर्चा अथवा कार्ड जेसुकै भनौं फेसवुकमा राखेर आफू सबैको सामु राम्रो बनेकाहरू धेरै छन् जापानमा ।

त्यसो त अहिले प्रविधिले मान्छेलाई एकदमै अल्छी बनाईदिएको छ । मेन्युबनाउँदा खानाको फोटो खिच्नु भए राम्रो हुन्थ्यो भन्यो भने -'फोटो त पाइन्न र यहाँउधै ? फोटो खिच्न त पैसा पनि लाग्ने भयो समय पनि । यसो मिलाईदिनु न' भनेर भन्नेहरू धेरै छन् । अक्षर रातो भयो नीलो बनाउनु, सानो भयो ठूलो बनाउनु, सकेसम्म खाली ठाउँ नराखेर केही न केही राखेर भर्न पर्नु । नेपालको संविधान भन्दा बढी घुमाउरो नियमहरू लेख्न पर्नु । नेपालीमा कत्र्याक कुत्रुक पारेर ल्याईएका अक्षरहरू बुझ्न पर्नु । लास्टै टेन्सन हो यो डिजाइनरको काम त । जानेको मान्छे भनेर फस्ल्याङ्ग फुस्लुङ्ग गरेर निःशुल्क काम लगाउने प्रवृत्तिले गर्दा डिजाइनरहरूले दुःख पाएका छन् जापानमा । त्यसैले कहिलेकाहीं भन्न मन लाग्छ- 'अर्को जन्म जन्मेछु भनि, डिजाइनर बन्न मन छैन कत्ति नि ।'

'एउटा फेसवुकको व्यानर डिजाइन गरेको पनि पैसा लाग्छ र ? जानेको भएर पो अनुरोध गरेको त एउटा नयाँ वर्षको कार्ड बनाईदिनु न फेसवुकमा राख्न र साथीहरुलाई पाठाउन । त्यति मात्र होइन कसैले त पर्सनल डिजाइनर जस्तै जति बेला भन्यो उति बेला गरिदिनुपर्ने रे त्यो पनि निःशुल्क अनि हुँदैन टेन्सन ?'

(एक डिजाइनरसँगको कुराकानी र छलफलमा आधारित, अन्यसँग मेल खान गएमा संयोग मात्र हुनेछ ।)

वायुसेवा निगमको कार्यकारी अध्यक्षमा मदन खरेल, कंसाकार नैतिक संकटमा

❑ **नेस संवाददाता**

काठमाडौं - सरकारले मदन खरेललाई नेपाल वायुसेवा निगमको कार्यकारी अध्यक्ष बनाएको छ । मन्त्रिपरिषदको बैठकले मदन खरेललाई निगमको कार्यकारी अध्यक्षमा नियुक्त गरेको सूचना तथा सञ्चार प्रविधिमन्त्री गोकुल बास्कोटाले जानकारी दिनुभयो ।

गएको शुक्रबार सरकारले झापाका खरेललाई निगमको सञ्चालक समिति सदस्यमा नियुक्त गरेको थियो । अब खरेलले सरकारले दिएको जिम्मेवारी अनुसार निगमको व्यवस्थापकीय काम गर्नुहुनेछ ।

कार्यकारी अध्यक्षका रूपमा खरेल आईसकेपछि हालका निगमका महाप्रबन्धक सुगतरत्न कंसाकारलाई पद छाड्न नैतिक दवाब परेको छ । अब खरेलको मातहतमा रहेर काम गर्ने या राजीनामा दिनेमध्ये दुईवटा विकल्प कंसाकारसँग रहेका छन् ।

२०७० सालमा निगमको महाप्रबन्धक भएका खरेलले एक वर्ष नपुग्दै राजीनामा दिनुभएको थियो । त्यतिबेला सरकारले उहाँलाई काम गर्न नसकेको आरोप लगाएको थियो । तर खरेलले भने ट्रेड युनियनको दबाबका कारण राजीनामा दिएको बताउँदै आउनुभएको थियो ।

झापामा एक अर्बको लगानीमा चाउचाउ उद्योग खुल्यो

❑ **नेस संवाददाता**

काठमाडौं - झापामा रू एक अर्बको लागतमा चाउचाउ उद्योग सञ्चालनमा आएको छ । झापाको मेचीनगर-१४ स्थित दुवागढीमा रू एक अर्बको लगानीमा मनषा थाई फुड्स प्रालि सञ्चालनमा आएको हो ।

हालै त्यहाँ आयोजित पत्रकार सम्मेलनमा सञ्चालक अजय अग्रवालले झापामा औद्योगिक क्षेत्रको विकास गर्ने उद्देश्यले चाउचाउ उद्योग सञ्चालनमा ल्याएको बताए । 'सरकारले एक घर एक रोजगारीको अवधारणा ल्याएको छ, रोजगारी सिर्जनाका लागि पनि उद्योग स्थापना गरेका छौं' उनले भने । उद्योग पूर्ण क्षमतामा सञ्चालन आएपछि करीब ३ सय जनाले रोजगारी पाउने उनले बताए ।

उद्योगमा पर्शुराम अग्रवाल, ओमप्रकाश अग्रवाल, गणेश प्याकुरेल र अजय अग्रवालले संयुक्त लगानी गरेका छन् । मनषा थाई फुड्स मेची अञ्चलमै पहिलो तयारी चाउचाउ उद्योग रहेको सञ्चालक पर्शुराम अग्रवालले जानकारी दिए ।

पहिलो चरणमा उद्योगबाट उत्पादित चाउचाउ नेपालका सातै प्रदेश र भारतीय बजारमा निर्यात गर्ने लक्ष्य रहेको जनाइएको छ । सञ्चालक ओमप्रकाश अग्रवालले भने, 'निकट भविष्यमै अमेरिका र अष्ट्रेलियासमेत निर्यात गर्ने योजना छ ।'

उद्योगमा हालसम्मकै अत्याधुनिक प्रविधि र मेशिनको प्रयोग गरेर चाउचाउ उत्पादन शुरू गरिएको सञ्चालक गणेश प्याकुरेलले बताए । 'क्षमताको हिसाबले हाम्रो उद्योग नेपालमै पहिलो हो', सञ्चालक प्याकुरेलले भने, 'उद्योगबाट दैनिक साढे सात लाख प्याकेट तयारी चाउचाउ उत्पादन गर्न सकिन्छ ।'

पूर्ण प्रशोधित तरिकाले चाउचाउ उत्पादन गर्ने भएकाले एक प्याकेट चाउचाउ उत्पादन गर्न २० मिनेट लाग्ने उनले बताए । 'अब हर घर मग्मगाउँछ' भन्ने मूल नाराका साथ कलाकार सीताराम कट्टेल (धुर्मुस) र कुञ्जना घिमिरे (सुन्तली) लाई 'ब्राण्ड एम्बेसेडर' रहेको उद्योगले जनाएको छ ।

उद्योगबाट मग मग, प्यारी, रेलिमाई, गट्टुबट्टु ब्राण्डका चाउचाउ र चीजबल, चीजरिङ, कुटुकुटु, पोटेटो क्याकर, कर्न फ्लेक्स, चोकोसलगायतका स्न्याक्स उत्पादन हुने पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

कर्मचारी आवश्यकता

Contact:
090-6465-0905/080-4451-4060

एक कम्पनीको लागि केही स्थायी कर्मचारी आवश्यकता ।

पदः स्थायी कर्मचारी (सेइस्याइन) (पुरूष मात्र)
तलवः १८ मानदेखि **बस्ने व्यवस्थाः** उपलब्ध छ
भाषाको ज्ञानः सामान्य भए हुने
भिषाः उपलब्ध गराईने

फोनः
03-5652-0617
शुरूमा फोन तथा इमेल पठाउनुहोस् ।

株式会社 和円商事 Email: waenzhang46@yahoo.co.jp

निम्न समस्यामा हुनुहुन्छ भने सम्पर्क गर्नुहोस् ।

स्पेशल डिस्काउण्ट

86,400円~ (विद्यार्थीबाट वर्किङ भिसा)
64,800円~ (नयाँ भिषाः नेपालबाट परिवार बोलाउँदा)
49,680円~ (नेपालबाट १३ वर्ष भन्दा तलका छोराछारी बोलाउन)
29,160円~ (कुक नवीकरण)
129,600円~ (स्थायी बसोबास भिसा)
* यातायात खर्च, टिकट खर्च, हुलाक खर्च समावेश छैन ।

Administrative Scrivener
Junichiro Honda

Contact
TEL: 048-711-1996, 080-1796-7105
Sky Building 302, 2-5-26, Kamiochiai, Chuo-Ku, Saitama City, Saitama, Japan
From Kitayono Station (JR Saikyo- Line) 5 Min Walk
Facebook Page: https://www.facebook.com/saitama.honda116.visa.station
Facebook QR Code

ネパール語と日本語を学びましょう–183
(नेपाली र जापानी भाषा सिकौं)

जापानी शब्द	जापानी उच्चारण	अंग्रेजी/नेपाली	नेपाली उच्चारण
柵（さく）	साकु	Fance बार	バル
咲く（さく）	साकु	Bloom फुल्नु	フルヌ
作品（さくひん）	साकुहिन	Work रचना	ラチャナ
桜（さくら）	साकुरा	Cherry पैयुँ	パイユ
酒（さけ）	साके	Liquor रक्सी	ロークシ
叫び（さけび）	साकेबी	Cry Out कराउनु	カラウヌ
避ける（さける）	साकेरू	Evade टार्नु	タルヌ
支える（ささえる）	सासाएरू	Support समर्थन	サモルタン
囁き（ささやき）	सासायाकी	Murmur कानेखुसी	カネクシ
刺す（さす）	सासु	Pick Stick घोच्नु	ゴチュヌ
早速（さっそく）	सास्सोकु	Right away झट्ट, चाँडो	ジャット、チャド
佐藤（さとう）	सातोउ	Sugar चिनी	チニ
錆（さび）	साबी	Rust खिया	キィヤ

पत्रकार आचार्यको उपन्यास अप्रिल फूल को विमोचन

❑ नेस संवाददाता

काठमाडौं – पत्रकार एवं लेखक कृष्ण आचार्यको उपन्यास 'अप्रिल फूल' को एक कार्यक्रमका बीच काठमाडौंमा विमोचन गरिएको छ । आख्यानकार कृष्ण धरावासी, गायक हेमन्त शर्मा, कवि ज्योति जंगल र लेखक आचार्यले संयुक्तरूपमा उपन्यासको विमोचन गरेका हुन् ।

प्रज्ञा प्रतिष्ठानको डबलीमा आयोजित विमोचन कार्यक्रममा बोल्दै आख्यानकार धरावासीले पुस्तकको भाषा, शैली र प्रस्तुतिकरणले आफूलाई तानेको बताए । उनले भने, 'मैले कैयौं पुस्तकहरू पढ्दा-पढ्दै बीचैमा मिल्काएको छु । तर, अप्रिल फूल त्यस्तो छैन । यसमा समावेश विषयबस्तु र घटनाक्रमले पाठकलाई अन्त्यसम्म तान्दै लान्छ ।' उनले यसलाई उपन्यासको सबैभन्दा ठूलो विशेषता बताए ।

गायक हेमन्त शर्माले उपन्यास बजारमा चलेका अन्य उपन्याससँग प्रतिस्पर्धा गर्न सक्ने खालको भएको धारणा राखे । 'बजारमा खुबै चलेका भनिएका उपन्यासभन्दा अप्रिल फूल कुनै कुरामा कम छैन' शर्माले भने, 'यस कृतिमार्फत लेखकले आफ्नो भविष्य बनाइसके । अब उनले पछि फर्किएर हेर्नुपर्ने छैन ।'

त्यस्तै, कवि ज्योति जंगलले उपन्यास समय सापेक्ष भएकाले यसले सबैको मन जित्ने विश्वास व्यक्त गरिन् । 'उपन्यासले वर्तमान समय बोलेको छ । त्यसैले यसले सजिलै पाठकको मन जित्न सक्ने छ', उनले भनिन्, 'यो किशोर-किशोरीको प्रेम कथामा आधारिक उपन्यास भए तापनि आफ्ना छोराछोरीलाई बुझ्न आमा-बाबुले पनि अप्रिल फूल पढ्नुपर्ने उनको धारणा थियो ।'

विमोचन कार्यक्रममा लेखक आचार्यले उपन्यासमार्फत आफूले 'रियालिटीलाई फिक्सनाइज' गरेको बताए । 'उपन्यासमा माया-प्रेम मात्र नभएर समाज र सामाजिक चित्रण पनि छ', अचार्यले भने, 'उपन्यासभित्र पाठकले आफू र आफ्नो सामाजिक परिवेश पाउनेछन् ।' उपन्यासले मनोरञ्जनका साथै ज्ञान पनि दिन खोजेको उनले बताए । उपन्यास युरेका पब्लिकेशनले बजारमा ल्याएको हो भने यसको मूल्य ३ सय ५० रूपैयाँ रहेको छ ।

मोनाको तेस्रो साधारण सभा पोर्चुगलमा हुने

❑ नेस संवाददाता

टोकियो – म्याग्दी प्रवासी नेपाली संघ (मोना) को अन्तर्राष्ट्रिय कार्यसमितिको तेस्रो साधारण सभा पोर्चुगलमा हुने भएको छ ।

आगामी अक्टुबरको २१ र २२ तारिख पोर्चुगलको लिसबोन सहरको साना लिसबोआ होटलमा हुने साधारण सभाका लागि मोनाका उपाध्यक्ष योगकुमार फगामीको संयोजकत्वमा साधारण सभा मुल आयोजक समिति गठन गरिएको छ । आन्तरिक तैयारीका लागि भने मोना पोर्चुगललाई जिम्मेवारी दिईएको छ ।

साधारण सभामा पाँचै महादेशबाट म्याग्देलीहरूको उत्साहजनक सहभागिता रहने बताईएको छ । साधारण सभाको तैयारीलाई विभिन्न ढंगले तिब्र पारिएको संयोजक फगामीले नेपाली समाचारलाई बताउनुभयो ।

साधारण सभाका लागि जापान, कोरिया, हङकङ, मकाउ लगायतका एशिएन मुलुकहरूबाट समेत उल्लेख्य प्रतिनिधिहरूको सहभागिता हुन गईरहेको मोनाका एशिया प्यासिफिक संयोजक ददिवल खड्काले जानकारी दिनुभयो ।

साधारण सभामा जिल्लाबाट संघीय संसदमा प्रतिनिधित्व गर्ने सांसद तथा मन्त्रीहरू, उद्योग वाणिज्य संघका पदाधिकारी, राष्ट्रिय जीवनमा ख्यातीप्राप्त बुद्धिजीवी, समाजसेवीहरूलाई अतिथिकारूपमा बोलाईने भएको छ भने जिल्लाका पत्रकारहरूका साथै प्रतिभावान कलाकारहरूलाई समेत सो साधारण सभामा साँगीतिक कार्यक्रमका लागि निम्त्याईने भएको छ ।

तुलनात्मकरूपमा म्याग्देलीहरूको संख्या युरोपमा बढि भएकोले पोर्चुगलमा साधारण सभा गर्न लागेको अध्यक्ष चक्रबहादुर थापाले बताउनुभयो । अन्य वर्षहरूमा पनि अनुकुलता हेरी विभिन्न मुलुकमा साधारण सभाको आयोजना गरिने मोनाले नीति लिएको छ, महाधिवेशन भने जिल्लामै गरिने बताईएको छ ।

गत वर्षको अक्टोबरमा म्याग्दीको दरबाङ बजारमा भएको दोस्रो महाधिवेशनले न्युजिल्याण्डका ब्यवसायी थापाको नेतृत्वमा मोनाको अन्तर्राष्ट्रिय कार्यसमिति गठन गरेको हो ।

विषाक्त रक्सीका कारण मलेसियामा ६ नेपालीको मृत्यु

❑ नेस संवाददाता

काठमाडौं – मलेसियामा विषाक्त रक्सी सेवनका कारण ६ जना नेपालीको ज्यान गएको छ भने बिरामी १६ जनामध्ये चारजना डिस्चार्ज भैसकेका छन् । १२ जनाको विभिन्न अस्पतालमा उपचार भैरहेको छ ।

श्रम रोजगार तथा सामाजिक मन्त्रालयका अनुसार ज्यान जानेमा धादिङ बसेरीका मिमबहादुर घले, रूपन्देही मसिनाका रामकुमार यादव, डढेलधुरा अमरगढीका विशाल बुढाथोकी, सुनसरी पश्चिम कुसाहाका सञ्जय उराव, इलाम सिद्धिथुम्काका बलबहादुर कुलुङ र सर्लाहीका आइते घले रहेका छन् ।

यसैगरी बिरामी हुनेमा संखुवासभाका लुंगनाथ मगर, सिन्धुलीका जितबहादुर माझी, बर्दियाका प्रविन थारू, सुनसरीका दुर्गाबहादुर राई, रोल्पाका भागीमान डाँगी, बाराका राधेश्याम बैठा, रूपन्देहीका रामचन्द्र लोध, गोरखाका लोकबहादुर बराम, सर्लाहीका रिखामान स्याङतान, नवलपरासीका दुर्गा सिंह राना, पाँचथरका सेतेवीर तुम्बाप्पो, मोरङका जम्वीरलाल झाँगड, ठेगाना नखुलेका सरू मगर, सुकुवल घिसिङ, राजेश कुमार र विमल कार्की छन् । उनीहरूको मलेसियाका विभिन्न अस्पतालमा उपचार भैरहेको छ ।

यता, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टले मलेसियामा ज्यान गुमाएका नेपालीको शव जतिसक्दो छिटो स्वदेश ल्याउने व्यवस्था मिलाउन निर्देशन दिनुभएको छ । यस्तै बिरामी भएकाको उपचारमा कुनै कसर बाँकी नराख्न पनि त्यहाँको नेपाली दूतावासलाई निर्देशन दिनुभएको उहाँको निजी सचिवालयले जनाएको छ । नेपाली दूतावासले स्थानीय प्रशासनसँग शव व्यवस्थापन र बिरामीको उपचारका लागि समन्वय गर्ने काम भैरहेको जानकारी दिएको छ ।

यू-१९ एकदिवसीय क्रिकेटमा नेपाल चौथो

❑ नेस संवाददाता

काठमाडौं – भारतको लखनउमा भएको यू-१९, एकदिवसीय क्रिकेट प्रतियोगितामा नेपाल चौथो भएको छ । तेस्रो स्थानको प्लेअफमा अफगानिस्तानसँग ७१ रनले पराजित भएपछि चार टोली सहभागी प्रतियोगितामा नेपाल चौथो भएको हो ।

टस जितेर ब्याटिङ रोजेको अफगानिस्तानले दिएको २ सय ४५ रनको लक्ष्य पछ्याएको नेपाल ४५ ओभरमा १७३ रनमा अलआउट भयो । नेपालका कुनै पनि खेलाडीले २५ रन कटाउन सकेनन् ।

नेपालका लागि आशिफ शेख र लोकेश बलमे २५-२५ रनको योगदान दिंदा अरूण ऐरीले २४, पवन सर्राफले २३, सुदिप जोराले १८, भीम सार्कीले १६ तथा रित गौतमले १४ रन जोडे ।

अफगानिस्तानले निर्धारित ओभरमा आठ विकेट गुमाउँदै २ सय ४४ रन बनाएको थियो । उसका लागि रियाज हसनले शतकीय पारी खेल्दै ११६ रन बनाएर नट आउट रहे ।

१ सय ४९ बल खेलेका हसनले १२ चौका तथा २ छक्का प्रहार गरेका थिए । बसिर खानले ३२, आरिफ खानले २४ तथा इजाज अहमदले १९ रन जोडेका थिए । नेपालका पवन शर्राफ, सागर ढकाल र मोहम्मद समसेदले समान दुई-दुई विकेट लिएका थिए भने रसिद खानले १ विकेट लिए । प्रतियोगितामा भारतका दुईसहित अफगानिस्तान र नेपालको यू-१९ टिमको सहभागिता रहेको थियो ।

कार्यपालिका...

अंग एकपछि अर्को गर्दै तुलनात्मक रूपमा एकभन्दा अर्को बढी सक्रिय हुनु हुँदैन ।

सिद्धान्ततः आफ्नो कार्यक्षेत्रभित्रका कार्य सम्पादनमा हरेक निकाय स्वतन्त्र छन्, तर आफ्नो कामले अर्को अंगमाथि अनावश्यक हस्तक्षेप हुनुहुँदैन । तर, शक्ति पृथकीकरणको सिद्धान्त विपरित कार्यपालिका र न्यायपालिकाबीच देखिने टकरावले अस्थिरता निम्तन सक्ने आशंका पैदा हुन्छ ।

सरकारले गरेका निर्णय अदालतले उल्टाउने विषय होस् वा अदालतले जारी गरेका आदेश सरकारले कार्यान्वयन गर्ने विषय । यी दुवैमा राजनीति घुसेकै हुन्छ । कुनै मुद्दा वर्षौंसम्म विचाराधिन रहन्छन् भने कुनै मुद्दा फास्ट ट्र्याकबाट फैसला हुने गर्दछन् । अदालतले अनुसन्धानमा जुटेका प्रमाण र कानूनको व्याख्याका आधारमा फैसला गर्ने हो ।

तर प्रमाण जुटाउने निकाय सरकार नै मुद्दा कमजोर बनाउने नियतमा लाग्यो भने न्यायलयबाट निश्पक्ष फैसला आउनेमा शंका नै रहन्छ ।

अपराधका घटनामा शुन्य सहनसिलताको नीति अबलम्बन गरेको सरकार पक्षको दावी छ । तर सुन तस्करी, बलात्कार जस्ता जघन्य अपराधका मुद्दा कमजोर बनाउन अनुसन्धान नै फितलो बनाउने गरेको आमनागरिकको बुझाइ छ ।

दुई तिहाई जनमत पाएको नेकपा नेतृत्वको सरकारलाई काम गर्न कतैबाट बाधा छैन । तर आमजनताको अपेक्षा र बुझाइ विपरित सरकारका क्रियाकलाप भएन भने यसले जनतामा निराश पैदा हुनुका साथै सरकारको साख पनि गिर्ने पक्का छ ।

कान्तिपुर मार्ट
यहाँहरुको भान्सादेखि रेष्टुरेण्टसम्मका दैनिक अत्यावश्यकीय उपभोग्य सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध गराईन्छ । होम डेलिभरी (थाक्युविन) को पनि व्यवस्था छ । अवश्य सम्झनुहोला । साथै टेपिकल स्वादिष्ट नेपाली खानाका लागि भेटघाट रेष्टुरेन्ट सेवामा प्रतिक्षारत छ ।
Contact for More Details
KANTIPUR MART
Tel: 03-5338-4066, 03-5338-4067
JR Yamanote Line, Shin-Okubo Station (Only 2 Min. Walk)
1-11-31 Hyakunincho, Shinkuku-ku, Tokyo 169-0073
Business Hour: Daily 10:00〜24:00

आशा एशियन फुड
यहाँहरुलाई आवश्यक पर्ने दैनिक उपभोग्य सामाग्रीहरु सुपथ मुल्यमा पाईन्छ । होम डेलिभरीको (थाक्युबिन) को पनि व्यवस्था छ, सेवामा हाजिर छौं ।

Contact for More Details
ASHA ASIAN FOOD
Tel: 03-6205-5474/080-6616-4040
JR Yamanote Line, Shin-Okubo Station (Only 3 Min. Walk)
1-4-19 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hour: Daily 10:00〜25:00

संविधानको विरुवा फल्ने बेला आयो: प्रधानमन्त्री ओली

पृष्ठ १ को बाँकी

हामीले संविधान जारी भएपछिका तीन गतिशील वर्ष पार गरेका छौं । यसबीच हामी संविधानको कार्यान्वयनका लागि संवैधानिक प्रावधानमा रहेका कानूनी र परिकल्पना गरेका संरचनालाई पूर्णता दिइरहेका छौं र जनताका सेवा, सुविधा र सहुलियतसम्बन्धी आकांक्षाहरूको सम्बोधन गर्ने क्रममा छौं ।

हामी संविधानमा उल्लिखित जनताको सार्वभौमसत्तालाई व्यवस्थित, समुचित र उन्नत रूपमा प्रयोग गर्ने क्रममा जनताको अधिकारसम्म पहुँच पुऱ्याउनका लागि अहोरात्र काम गरिरहेका छौं । खासगरी जनताको सुरक्षा र सम्मानको प्रत्याभूति दिनु हाम्रो दायित्व हो । अब भने हामी समृद्धिमा पुग्ने संरचनात्मक पक्षहरूमा काम गरेर कसरी सहज रूपमा जनताका अधिकार स्थापना गर्न सकिन्छ भन्ने सुस्पष्ट दृष्टिकोण लिएर अघि बढेका छौं । अघिल्ला समयमा पर्याप्त काम नगरेका हुनाले हामीलाई समयमा कानून ल्याउन सकस पऱ्यो । अब हामी सुशासन र विकासको बाटोमा जान सक्छौं । यसमा आश्वस्त हुन म सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई आग्रह गर्छु ।

संविधान जारी भएको तीन वर्ष पूरा भएको यस अवधिमा मुलुकको कार्यकारी प्रमुखका हैसियतमा संविधान कार्यान्वयन र संविधानको मूल्याङ्कन वा समीक्षा कसरी गर्नुहुन्छ ?

संविधानले नेपाली जनतालाई सार्वभौमसत्तासम्पन्न बनाएको छ । यसको मुहान, प्रस्थानविन्दु र गन्तव्य यही हो । संविधानले यसको व्याख्या, अर्थ, कार्यान्वयन प्रणाली र त्यसको विस्तृतीकरण पनि दिएको छ । यो संविधान जनताबाट बन्यो, त्यसमा विवाद छैन । संविधानले जनतालाई सम्पूर्ण शक्तिको स्रोत र केन्द्रविन्दु मानेको छ । संविधानले राष्ट्रलाई समग्रतामा परिभाषा गरेको छ । यसले नयाँ परिकल्पना गरेको छ ।

मैले भन्दै आएको छु, म मुलुकको सरदर प्रतिव्यक्ति आय वा कुल ग्रार्हस्थ्य उत्पादनको प्रतिशतमा सन्तोष मानेर बस्दिन । सरदर विकासको मापनभन्दा माथि पुगेर कोही पनि नागरिक खान, लाउन, बस्न र छोराछोरी पढ्न नपाउने अवस्था हुनुहुँदैन । संविधानको मर्म पनि यही हो । नेपालमा जनताको सरकार बनेको छ । कोही पनि नेपाली भोकै मर्न हुँदैन र मर्न दिइँदैन भनेर मैले अघिल्लो कार्यकालमै घोषणा गरेको हुँ । समतामूलक समाजको निर्माण हाम्रो गन्तव्य हो । अहिले नै सबैको सम्पत्ति बराबर हुने भनेको होइन तर कोही पनि भोकै बस्न नपरोस् भनेर राज्यले ध्यान दिनुपर्छ ।

हामीले यसै वर्ष विशेष विद्यार्थी भर्ना अभियान चलाएर विद्यालय नगएका र नजाने करीब तीन लाख बालबालिकालाई विद्यालयमा भर्ना गराएका छौं । फेरि हामी अर्को अभियान चलाएर बाँकी बालबालिका भर्ना गराउनेछौं । तल जगदेखि उठाउने र माथि पनि उन्नत शिक्षामा जाने जस्ता कुराहरूबाट समृद्धिको यात्रा तय गर्ने संविधानको लक्ष्य हो । त्यसरी हेर्दा यो संविधान स्तरीय, अनुकूल र उत्तम छ ।

संविधानको सर्वस्वीकार्यताका लागि नयाँ पहल के गर्दै हुनुहुन्छ ?

कहिले कहिले केही खास समस्याहरू आउँछन्, त्यस्ता समस्या समाधान हुन्छन् । कुनै कुनै समस्या समाधान गरेर पनि समाधान हुँदैनन् । कहिलेकाँहीँ राजनीतिका लागि मुद्दा बनाइन्छ, मुद्दा बाँकी राख्नका लागि उठाइन्छ । ती मुद्दा कसैले सम्झाएर वा सम्बोधन गरेर हुँदैन । कुनै मानिस भोकै छ भने खान्छ तर भोक नलागे पनि भोक लागेको छ भन्छ तर खाँदैन । भोकै छु भन्ने नाममा ऊ भोकको मुद्दा कायम राख्न चाहन्छ । उसलाई भोकै छु भन्ने देखाउनु छ । त्यसैले भोक नलागी भोकै छु भन्न खोज्नेहरूलाई खासै महत्व दिनुपर्छ जस्तो मलाई लाग्दैन । यहाँ कहीँ कतैको स्वार्थ र घुसपैठमा लाग्ने केही पृथकतावादी तत्वहरू हुन सक्छन् । त्यस्ता तत्वहरूलाई नेपाली जनताले एक्ल्याउने र अस्वीकार गर्नेछन् । नेपालीले पृथकतावाद सहिरहँदैनन् । त्यसैले त्यस्ता पक्षहरूमा त्यति ध्यान दिइरहनु पर्दैन । कसैको स्वार्थका लागि ती तत्वहरू, नेपालको पानी खाएर नेपाल टुक्र्याउन चाहनेहरूको आपराधिक सोच नेपाली जनताले राख्न पनि सक्दैनन् ।

संविधानलाई पूर्णता दिने सन्दर्भमा बसेर छलफल गरेर मिलाउन सकिन्छ । संविधान त्यस्तो असंशोधनीय धर्मग्रन्थ वा पाठ गरेर बसिने स्तुतिश्लोक होइन । यो गतिशील दस्तावेज हो । यो लोक सपार्ने मार्गदर्शक हो । यसलाई संशोधन गर्ने पक्षमा बहस गर्न हामी तयार छौं । निर्वाचनमा भाग लिएका वा नलिएका दलहरूले छिटपुट रूपमा संविधानबारे केही कुरा राख्न सक्छन् तर उनीहरूले संविधान नमान्ने नाममा बिखण्डनतिर लाने कोशिश गर्ने मनसायको गठबन्धनमा देखिने गरी जनताले तिनको साथ दिन्छन् जस्तो मलाई लाग्दैन ।

संविधानसँगै सुशासनको प्रश्न उठेका छन्, यसका लागि सरकारले केही नयाँ सोच बनाएको छ कि ?

हामीले प्रदेशलाई प्रदेश हो भन्ने बुझ्नुपर्छ, ती अलग राष्ट्र होइनन् । हामीले केन्द्रमा दुई सदनको संघीय संसद्, प्रदेशमा सात प्रदेशसभा, ७ सय ५३ स्थानीय तह र ७७ वटा जिल्ला समन्वय समिति बनाएका छौं । ती क्रियाशील छन् । विभिन्न तहमा ७ सय ६१ सरकार छन् । ती छुट्टै र स्वतन्त्र सरकार होइनन् । सबै नेपाल सरकारका स्वभाविक अंग हुन् । सरकार नभनिएको समन्वय समिति पनि जनप्रतिनिधि संस्था हो । यी सबैका आफ्ना काम कर्तव्य छन् । प्रदेश सरकारसँग प्रदेश प्रहरी हुन्छ । नगरपालिकासँग नगर प्रहरी हुन्छ । शान्ति सुरक्षाका सन्दर्भमा म भन्न चाहन्छु, नेपाली समाज सामाजिक नैतिक मूल्यमान्यताका हिसाबले उच्च मूल्यमान्यता र आदर्शमा बाँचेको समाज हो । आर्थिक रूपमा सम्पन्न नभए पनि हामी उच्च मूल्य र आदर्शमा बाँचेका मानिस हौं । अहिले पनि थारू जातिमा सयभन्दा बढी सदस्यको परिवार मिलेर बसेको छ । एउटै भान्छामा खाएर बसेको छ । यो सहिष्णुता यो दुनियाँमा नेपालबाहेक अरू कसैले कल्पना गर्नै सक्दैन । यस्तो ठाउँमा हामी हाम्रा मूल्यमान्यता र सामाजिक, धार्मिक मूल्य र बन्धनहरूमा बाँधिएका छौं । यो सँस्कारमा हुर्किएका कतैबाट हामीलाई कमजोर पार्ने कोशिश भएका छन् । नैतिक मूल्यमा आएको ह्रास सामाजिक अपराधमा परिणत भएको छ । जाँगरिलाहरू कपट, जालझेल र अपराध कर्म गर्दैनन् । मान्छे सचेत प्राणी हो । सचेतनतालाई फरक ढंगले प्रयोग गर्दा अपराध हुन्छ । पशुमा चेतना छैन, उसमा नैतिक मूल्यमान्यताको कुरा हुँदैन । अहिले समाजमा नैतिक मूल्यमान्यतामा खलल आउन खोजेको देखिन्छ । यसमा हामी सबै सजग भएर लाग्नुपर्छ ।

संविधानले दिशा निर्देश गरेको समृद्धिको अवधारणा सफल बनाउन के कस्ता योजनाहरु छन् ?

संविधान निर्माण चुनौतीपूर्ण थियो । त्यो चुनौती हामीले पूरा गऱ्यौं । अरू कसैले नचाहेको तर नेपाली जनताले चाहेको दिशामा हाम्रो संविधान बनेको छ । लोकतन्त्रका संवाहकमा परिपक्वता आउनु जरूरी छ । नेपाली जनता सार्वभौमसत्तासम्पन्न छ । तर जनता आफैले आफ्नो सार्वभौमसत्ता प्रयोग गरेको लामो अनुभव र इतिहास भने हामीकहाँ छैन । लोकतन्त्रको मुख्य पक्ष जनताको अभिमतलाई स्वीकार्नु हो । जुनसुकै बहानामा लोकतन्त्रलाई अस्वीकार गर्नु तानाशाहीपन हो । जनताको भावनालाई तानाशाहले अनेक बहानामा अस्वीकार गर्ने प्रवृत्तिहरू हुन सक्छन् तर नेपालमा त्यस्ता प्रवृत्तिको कुनै भविष्य छैन । यसमा जनता सजग छ ।

राजनीतिक परिवर्तन त आईसक्यो । हामी जनताका आकांक्षाहरू सुन्थ्यौं । अब हामीले त्यसलाई प्रत्यक्ष अनुभव गर्नुपर्छ । यी सबै कुराको निष्कर्ष सुशासन र विकासको बाटो हुँदै समृद्धितर्फको यात्रा हो । एउटा बिरूवा रोपेपछि हुर्कन्छ, फल्छ अनि स्वादिष्ट फल दिन्छ । हामी सुशासन र विकासको बाटोबाट समृद्धि र सुखको गन्तव्यमा पुग्न चाहन्छौं । -रासस

वैदेशिक रोजगारी व्यवस्थित गर्न इन्टरनेट सर्भर

❑ नेस संवाददाता

काठमाडौं - वैदेशिक रोजगारीलाई थप विश्वासिलो, पारदर्शी र व्यवस्थित बनाउने उद्देश्यसहित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय र गृह मन्त्रालयबीच संयुक्त इन्टरनेट सर्भर सञ्चालनमा आउने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, रोजगार व्यवस्थापन महाशाखा प्रमुख कृष्ण ज्ञवालीले वैदेशिक रोजगारीलाई थप विश्वसिलो, मर्यादित, पारदर्शी र व्यवस्थित बनाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय र गृह मन्त्रालयबीच संयुक्त इन्टरनेट सर्भर यसै महिनादेखि सञ्चालनमा आउने जानकारी दिनुभयो ।

तीनवटै मन्त्रालयबीच संयुक्त सर्भरलाई एक अर्कामा जोडिनुका साथै अन्य प्राविधिक काम सम्पन्न भईसकेको बताउँदै उहाँले सोमबार देखि यो संयुक्त सर्भर सञ्चालनमा आउने जानकारी दिनुभयो ।

सोमबार मन्त्रालयमा एक कार्यक्रमको आयोजना गरी मन्त्री गोकर्ण विष्टले उक्त संयुक्त सर्भरको औपचारिक शुभारम्भ गर्नुहुने जानकारी मन्त्री विष्टका प्रेस संयोजक मदन खनालले दिनुभयो । गत साता उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता समितिको बैठकमा समेत श्रममन्त्री विष्टले यो संयुक्त सर्भर सञ्चालनमा आईसकेपछि अहिले वैदेशिक रोजगारीमा देखिएका अनियमितता, विकृति विसंगति न्यूनीकरण गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो । श्रम मन्त्रालयलाई गृह र परराष्ट्र मन्त्रालयको सहमति प्राप्त भएपछि पहिलो चरणमा गृह मन्त्रालय अन्तर्गतको अध्यागमन विभागमा, दोस्रो चरणमा परराष्ट्र मन्त्रालय अन्तर्गतको राहदानी विभागमा र तेस्रो चरणमा कन्सुलर सेवा विभागसंग श्रम तथा रोजगार मन्त्रालयको सर्भर लिंक गरिएको थियो ।

करिब २० लाख रूपियाँको लागतमा सञ्चालनमा ल्याउन लागिएको यो सर्भर लिंक विदेशस्थित सबै नियोगहरूको सर्भरमा जोडिनेछ जसले गर्दा त्यहाँ कार्यरत श्रमिकहरूलाई केही समस्या पर्दा यथाशीघ्र सेवा पुऱ्याउन सकिनेछ तथा कुन देशमा कति नेपाली कामदार छन् त्यसको एकिन तथ्याङ्क नेपाल सरकारलाई सहजै प्राप्त हुनेछ ।

यो सर्भर लिंक प्रक्रिया सञ्चालनमा आएपछि राहदानी विभागबाट वितरण भएको राहदानी तथा राहदानी लिएको व्यक्तिको सम्पूर्ण विवरण, वैदेशिक रोजगारीको लागि विभागबाट श्रम स्वीकृति लिएको व्यक्तिको सम्पूर्ण विवरण तथा विमानस्थलबाट अन्य मुलुक गएको र फर्किएको व्यक्तिबारे सम्पूर्ण विवरण अध्यागमन विभाग मार्फत उक्त सर्भरमा जोडिने हुँदा वैदेशिक रोजगारीको क्रममा अहिले देखिएका समस्याहरूको न्यूनीकरण हुने विश्वास मन्त्रालयको रहेको महाशाखा प्रमुख ज्ञवालीले बताउनुभयो ।

अहिले वैदेशिक रोजगारीमा जाने नेपालीको अभिलेख सरकारसँग रहने व्यवस्था भए पनि वैदेशिक रोजगारीबाट फर्किनेहरूको अभिलेख सरकारसँग छैन जसका कारण अहिले वैदेशिक रोजगारीमा के कति कामदार छन् भन्ने यकिन तथ्याङ्क सरकारसँग पनि छैन । यो सर्भर लिंक प्रक्रिया सञ्चालनमा आएपछि उक्त समस्या पनि समाधान हुने विश्वास मन्त्रालयको रहेको उहाँले बताउनुभयो ।

बसुन्धरालाई लाईफ टाईम एचिभमेन्ट

❑ नेस संवाददाता

टोकियो - जापानमा आयोजित पहिलो नेपाली अवार्ड 'सूर्य ईन्टरनेशनल अवार्ड - २०१८' सम्पन्न भएको छ । टोकियोस्थित नाकानो जिरो हलमा आयोजित अवार्ड समारोहमा १६ बिधामा अवार्ड बाँडिएको छ ।

समारोहमा उत्कृष्ट अभिनेता अभिनेत्री पल शाह र पुजा शर्मा भए । यी दुबैले 'म यस्तो गीत गाउँछु' चलचित्र अभिनयबाट अवार्ड थापेका हुन् । यो चलचित्रले सार्वजनिक प्रदर्शनमा मुस्किलले लगानी उठाउन सफल भएको थियो ।

समारोहमा प्रशान्त ताम्राकार र बर्षा राउतले सपोर्टिङ अभिनेता अभिनेत्रीको अवार्ड पाउँदा अभिनेता अनमोल केसी, साम्राज्ञीराज्य लक्ष्मी शाह, निर्देशकमा प्रदीप भट्टराई र चलचित्र 'छक्का पञ्जा २' ले पपुलर अवार्ड पाए ।

नेपालकी पहिलो हास्य अभिनेत्री बसुन्धरा भुषाललाई 'लाईफ टाईम एचिभमेन्ट अवार्ड-२०१८'ले सम्मान गरिएको कार्यक्रममा सदाबहार नायक भुवन केसीले 'सूर्य कलाकरिता सम्मान-२०१८' पाए ।

कार्यक्रममा पत्रकार समिप्यराज तिमल्सेनालाई नगद २५ हजार जापानी येन सहित 'सूर्य चलचित्र पत्रकारिता-२०१८' पुरस्कार र फोटो पत्रकार श्रीधर पौडेललाई पनि नगद १५ हजारसहित सोही पुरस्कार दिइयो ।

गायनतर्फ भने रामजी खाँड, सम्झना लामिछाने मगर, कमल खत्री, इन्दिरा जोशी, राजेश पायल राई र मेलिना राईले अवार्ड पाए ।

नेपाली फिल्म र गीत संगीतको प्रबर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले आयोजित अवार्डले आगामी बर्ष पनि निरन्तरता पाउने आयोजक संस्थाका अध्यक्ष बासुदेव लामिछानेले बताए ।

प्रदीप र प्रियंका पपुलर, निता र नाजिर उत्कृष्ट, रानालाई लाइफ टाइम

❑ नेस संवाददाता

काठमाडौं - निता ढुंगाना र नाजिर हुसेन उत्कृष्ट अभिनेता अभिनेत्री घोषित भएका छन् ।

'एलजी सिने अवार्ड-२०७५'मा निता 'पञ्चायत' र नाजिर 'तिमिसँग' चलचित्र अभिनयबाट उत्कृष्ट ठहरिएका हुन् । नाजिरले बलिउड अभिनेता गोबिन्दा र निताले गोबिन्दाकी छोरी टिना आहुजाबाट अवार्ड थापिन् ।

आईतबार राजधानीको प्रदर्शनी मार्गस्थित सभागृहमा सिने सर्कल नेपालले आयोजना गरेको अवार्ड समारोहमा 'तिमीसँग' ले उत्कृष्ट फिल्म अवार्ड हात पार्दा उत्कृष्ट निर्देशक भने चलचित्र 'भुइमान्छे' बाट नवराज बुढाथोकी भए ।

उपराष्ट्रपति नन्दबहादुर पुन 'पासाङ' मुख्य अतिथि र बलिउड अभिनेता गोबिन्दा विशेष अतिथि रहेको अवार्ड समारोहमा अभिनेता पुष्प खड्काले क्रिटिक्स अवार्ड हात पारे ।

दुई दर्जन विधामा अवार्ड प्रदान गरिएको समारोहमा प्रदीप खड्का र प्रियंका कार्की पपुलर अभिनेता अभिनेत्री घोषित भए । प्रदीपले चलचित्र 'लिलिबिलि' बाट यो अवार्ड हात पार्दा प्रियंकालाई 'छक्का पन्जा चलचित्रले अवार्डको हकदार बनाएको हो ।

'लाइफटाइम एचिभमेन्ट अवार्ड'

अवार्ड समारोहमा बरिष्ठ निर्देशक किशोर रानालाई 'लाइफटाइम एचिभमेन्ट अवार्ड २०७५' बाट सम्मान गरिएको थियो । भर्खर मृगौला प्रत्यारोपण गरेका कारण रानाको अवार्ड उनकी धर्मपत्नी संगीता रानाले बुझेकी थिइन् । लामो समयदेखि चलचित्र निर्देशनमा उनले दिएको योगदानको कदर गर्दै रानालाई ५० हजार रूपैयाँसहित सम्मान गरिएको थियो ।